**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू**

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजीक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

**जनहितमा जारी सन्देश**

- अहिले सौर्य–आँधी चलेकोले प्रचण्ड गर्मी बढेको छ।
- सौर्य–आँधी आफैमा नराम्रो होइन, तर मध्याह्नमा बाहिर निस्कँदा यसको दुष्प्रभाव नराम्रो हुन्छ।
- केही दिन सकभर मध्याह्नमा बाहिर ननिस्कौं। निस्कनै परे पर्याप्त मात्रामा पानी वा फलफूलको शर्बत वा कागती पानी खाएर निस्कौं।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ १८ गते शुक्रवार // मूत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 May 31 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६७

## पोखरिया अस्पतालमा भेन्टिलेटर प्रयोगहीन

प्रस, पोखरिया, १७ जेठ/
जिल्ला अस्पताल पोखरियामा गत


तस्वीरः प्रतीक

वर्षदेखि भेन्टिलेटर मेशीन प्रयोगमा आएको छैन। प्रदेश सरकारको सहयोगमा गत वर्ष नै भेन्टिलेटर मेशीन पोखरिया अस्पताललाई प्राप्त भएको तर जनशक्ति अभावमा प्रयोगविहीन छ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा अनिल यादवले जनशक्ति अभावभन्दा पनि तालीमप्राप्त जनशक्तिको अभावमा भेन्टिलेटर मेशीन प्रयोगमा नआएको बताए। उनले अस्पतालका चिकित्सकले भेन्टिलेटर मेशीन प्रयोगबारे तालीम नलिएका कारण प्रयोगमा आउन नसकेको बताए। आफूसहित तीनजना मात्र चिकित्सक भएको र सबैजना काममा व्यस्त हुनुपर्ने अवस्था रहेकाले भेन्टिलेटर मेशीन सञ्चालन गर्नका लागि तालीम लिन नसकिएको बताए। उनले आगामी दिनमा तालीम लिएर भेन्टिलेटर मेशीन सञ्चालन गर्ने योजना रहेको बताए।

जिल्ला अस्पताल पोखरियामा इलेक्ट्रोलाइट, एनालाइजर, कोभुलेशन एनालाइजर जस्ता उपकरण केमिकल अभावमा सञ्चालनमा आउन सकेका छैनन्।

जिल्ला अस्पताल भएपछि १५



शय्याको यो अस्पतालमा अहिले बिरामी भर्ना भइरहेका छन्। यसअघि १० शय्याको अस्पताल हुँदा बिरामी भर्ना गरिँदैन थियो। अहिले अस्पतालमा भिडियो एक्स–रे, बायोमेट्रिक एनालाइजर, हेमाटलिजी एनालाइजर, माइक्रोस्कोप र १० वटा कन्सेन्ट्रेटर मेशीन सञ्चालनमा छन्। यसका लागि आवश्यक जनशक्ति रहेको मेसु डा यादवले बताए।

अस्पतालमा तीनजना चिकित्सक, छजना स्टाफ नर्स, तीन/तीनजना अनमी/अबेह, ल्याब टेक्निसियन एकजना, रेडियोग्राफी दुईजना, खरदार चार, चालक एक/एक र कार्यालय सहयोगी चारजना गरी २५ जनाको दरबन्दीमा रहेको बताए। उनले दरबन्दीमध्ये अधिकृतसरहको एकजना स्टाफ नर्स अहिलेसम्म बहाल हुन नसकेको बताए। दरबन्दीबाहेक अस्पताल विकास समितिबाट दैनिक ज्यालादारी, करारमा ६५ जना कर्मचारी खटिरहेका छन्। यसमा प्राविधिक र प्रशासनिक कर्मचारी दुवै रहेका छन्।

जिल्ला अस्पताल पोखरियाबाट अहिले ठोरीदेखि आसपासका गापाका सेवाग्राहीहरूले प्राथमिक सेवा लिँदै आएका छन्। त्यहाँ उपचार सम्भव नभएपछि वीरगंज, जीतपुर पठाइन्छ। पछिल्लो समयमा सेवा वृद्धि भएसँगै यहाँबाट सामान्य बिरामीहरू रेफर हुने क्रम कम भएको छ। अस्पतालमा पछिल्लो समय प्रसुति पनि उपलब्धिमूलक हुँदै आएको छ। सामान्य प्रसुतिका साथै शल्यक्रियाबाट पनि प्रसुति गरिन थालिएपछि आसपासका गर्भवती महिलाहरू पोखरिया अस्पतालमा उपचार गराउन आउन थालेका छन्।

## बझियानका किसानहरू धानको बीउ रोप्ने तयारीमा

धर्मेन्द्र चौरसिया, पोखरिया, १७ जेठ/
पर्सा जिल्लाको बझियान क्षेत्रमा अहिले धानको बीउ रोप्ने तयारी गरिँदैछ।


धानखेतीको लागि खेत तयार गर्दै किसान। तस्वीरः प्रतीक

गण्डक सिंचाइ नहरदेखि दक्षिणतर्फ बझियान क्षेत्रका किसानहरू प्रत्येक वर्ष प्रमुखरूपमा दुई बाली धान र गहुँको खेती गर्छन्।

गहुँ भित्र्याएका किसानहरू डेढ महीनादेखि अगहनी धानबालीको तयारीमा छन्। गहुँ भित्र्याएसँगै केही किसानहरूले हरियो तरकारीखेती पनि गरेका छन्। हरियो तरकारीखेती धान र गहुँ भित्र्याएसँगै गरिन्छ। धानपछि गहुँखेती प्रमुखरूपमा गरिन्छ। सोही बखत केही किसानहरूले दलहन र तेलहनखेती पनि गर्छन् तर पनि प्रमुख खेती भनेको बझियानको लागि धान र गहुँ नै हो।

एक साताअघि वर्षा हुँदा यहाँका किसानहरूले माटो मलिलो भएपछि खनजोत, गोडमेलको काम शुरु गरिसकेका छन्। अब पानी परेपछि उनीहरूले धानको बीउ रोप्ने र त्यसपछि ३१ दिनमा बीउ तयार हुनासाथ पानी परेसँगै धान रोपाइँको तयारीमा जुट्छन्। बझियानमा पनि सोना मन्सुली, सोना सारो, भदई मन्सुली, मनी मन्सुली, कतर्नी, बासमती तथा हाइब्रिड जातका धानको खेती गरिन्छ तर मुख्यरूपमा किसानहरूले ठूलो क्षेत्रफलमा सोना मन्सुली, सोना सारो धान नै लगाउने गरेका छन्। ९० प्रतिशत किसानले सोना मन्सुली, सोना सारो धानको खेती गर्छन् भने १० प्रतिशतले भदई मन्सुली, मनी मन्सुली, कतर्नी, बासमती धानको खेती गर्छन्।

यहाँका किसानहरूले पनि नजिकमा रहेको भारतीय सीमा बजार इनरुवा, भङ्हा, मैनाटाड, सिकटा बजारबाट धानको बीउ खरीद गरी ल्याउने गरेका छन्। प्रायःजसो किसानहरूले भारतीय बजारबाट धानको बीउ गङ्गा कावेरी, पानछाप, सुफला, सभानाहलगायत दर्जनौं ब्रान्डका बीउ खरीद गरेर भण्डारण गरिसकेका छन्।

किसानहरू पानी पर्नासाथ धानको बीउ रोपाइँ गर्ने तयारीमा छन्। नेपाली बजारमा पाउने धानको बीउको गुणस्तर कम हुने र उत्पादन पनि बढी नहुने भएपछि बझियान क्षेत्रका किसानहरूको पनि पहिलो रोजाइ भारतीय धानको बीउ नै रहेको छ। अहिलेसम्म सीमासँग जोडिएका भारतीय बजारबाटै किसानहरूले धानको बीउ ल्याएर रोप्ने गरेका छन्।

## चारवटा पालिकामा पोलियो खोप दिइयो

प्रस, वीरगंज, १७ जेठ/
पर्सा जिल्लामा पहिलो चरणको राष्ट्रिय पोलियो खोप अभियान जेठ १६ गते सकिए पनि आज बिहीवार तीनवटा पालिका र वीरगंज महानगरका दुईवटा वडामा छुट बालबालिकाहरूलाई खोप दिइएको छ।


तस्वीरः प्रतीक

स्वास्थ्य कार्यालय, पर्साका खोप अधिकृत जयमोद ठाकुरले जेठ १६ गते अभियान सकिए पनि अत्यधिक गर्मीका कारण विद्यालय बन्द भएको र लक्ष्य अनुसारको खोप दिन नसकिएको हुँदा आज थप चार पालिकामा खोप दिइएको बताए। उनले चारवटा पालिकामा ६०० खोप पठाइएको जानकारी गराए। वीरगंज महानगरका वडा नं १, १०, छिपहरमाई, पकाहामैनपुर र धोबिनी गाउँपालिकामा खोप दिइएको उनले बताए।

पहिलो चरणको खोप जेठ १३–१६ गतेसम्म सञ्चालन भएपनि पर्सा जिल्लाका अधिकांश पालिकाले अत्यधिक गर्मीका कारण विद्यालय बन्द गर्दा जेठ १३–१६ गतेसम्मको खोप अभियान प्रभावित भएको थियो। पर्सा जिल्लामा पहिलो चरणमा १६ हजार र दोस्रो चरणमा १६ हजार गरी ३२ हजार बालबालिकालाई पोलियो खोप दिने लक्ष्य रहेको छ। २०७३ वैशाखदेखि २०७५ असोजसम्म जन्मिएका बालबालिकाहरूलाई लक्षित गरेर राष्ट्रिय पोलियो खोप अभियान सरकारले सञ्चालन गरेको हो।

## जेठ १९ र २० गते 'श्रमाधान रोजगार मेला' आयोजना हुँदै

प्रस, जनकपुर, १७ जेठ/
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपालको रोजगार परिदृश्यको विशेष आवश्यकतालाई सम्बोधन गर्न रणनीतिकरूपमा 'श्रमाधान रोजगार मेला' आयोजना गर्न लागेको छ।

नागरिकको श्रम यात्रा र रोजगारका बहुआयामिक आवश्यकतालाई एकद्वार प्रणालीद्वारा सम्बोधन गर्ने उद्देश्यले सातै प्रदेशमा 'श्रमाधान रोजगार मेला' आयोजना गर्न लागिएको हो।

मधेस प्रदेशमा यही जेठ १९ र २० गते हुने मेलाको बारेमा जानकारी दिने उद्देश्यले बिहीवार जनकपुरधाम उद्योग वाणिज्य सङ्घमा आयोजित पत्रकार सम्मेलनमा मधेस प्रदेशमा मेलाको आयोजना श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय मधेस प्रदेश, जनकपुरधाम उपमहानगरपालिका र सहआयोजक नेपाल उद्योग परिसङ्घ रहेको जानकारी दिइएको थियो।

पत्रकार सम्मेलनमा श्रम मन्त्रालयका उपसचिव एवं मेलाका मधेस प्रदेश संयोजक दीपेन्द्र पौडेलले मेलाले श्रमिक र रोजगारदातालाई जोड्ने बताए। उनले मेलाले रोजगार खोज्नेहरू, रोजगारदाताहरू र विभिन्न क्षेत्रका सरोकारवालाहरूलाई एकै ठाउँमा ल्याएर नेटवर्किङ र रोजगारको लागि अनुकूल वातावरण सिर्जना गर्ने बताए।

"मेलाले नेपालको रोजगार परिदृश्यमा सकारात्मक परिवर्तन ल्याउनेछ। यसले राष्ट्रलाई थप समृद्धि र सफलतातर्फ लैजान लचिलो र समावेशी जनशक्ति निर्माण गर्न सहज गर्छ," उनले भने।



मेलामा बेरोजगार युवाहरूको ज्ञान, सीप, क्षमताका आधारमा मागहरू सङ्कलन गरिने पनि उनले उल्लेख गरे।

पत्रकार सम्मेलनमा सबै सरोकारवालालाई सक्रिय सहभागिताका लागि आग्रह गरिएको थियो। श्रम तथा यातायात कार्यालय जनकपुरधामका प्रमुख धर्मराज रोकायाले यस मेलाले रोजगारदाता र श्रमिकहरूमा उत्साह थप्ने बताए।

मेलामा ३५ वटा स्टल रहने पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो। ३० भन्दा बढी स्टल बुकिङ भइसकेको जानकारी गराइएको थियो। मेला भव्य र सफल बनाउन सबै सरोकारवालालाई पत्रकार सम्मेलनमा आह्वान गरिएको थियो।

नेपाल उद्योग परिसङ्घका मधेस प्रदेश संयोजक प्रमोद साहले मेलाको उद्देश्य देशमै रोजगार उपलब्ध गराउने रहेको बताए। "हाम्रा युवाहरू अन्तर्राष्ट्रिय विमानस्थलमा लाइन लागेर बस्नुपरेको छ। त्यो भीडभाडलाई कम गर्न मेला फलदायी हुन्छ। आज नेपालका उद्योग, कलकारखाना, कृषि क्षेत्रमा अवसर बढ्दैछन्। हामी अब नेपालमै रोजगारको अवसर खोज्न सक्छौं। हामी उद्योगीहरूले पनि राम्रो तलब दिन सक्छौं। तर समस्या भनेको उनीहरूको आवश्यक ज्ञान र सीपको अभाव हो," उनले जिकिर गरे।

श्रम बजारको आवश्यकता अनुसार दक्ष जनशक्ति नभएको औंल्याउँदै यो मेलाले आवश्यकता अनुसार जनशक्ति उपलब्ध गराउन भूमिका खेल्ने उनले बताए। मेला बिहीवार जेठ १७ गते कोशी प्रदेशको विराटनगरमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन गरेसँगै शुरु भइसकेको छ। यो मेला जेठ ३० गतेसम्म सातै प्रदेशमा सञ्चालन हुनेछ। मेला हरेक प्रदेशमा दुई दिन चल्नेछ। यो मेलाले रोजगार खोज्नेहरू र रोजगारदाताहरूबीच मध्यस्थताको काम गर्नेछ।

श्रमिकका सबै खाले समस्या समाधानका लागि सञ्चालन गरिएको मेलामा श्रमाधान योजना, सामाजिक सुरक्षा कोष, वैदेशिक रोजगार बोर्डलगायत विभिन्न खालका तालीम प्रदायक संस्थाहरूको पनि सहभागिता रहनेछ। मेलामा सबै तहका श्रमिकको आवश्यकता र रोजगारदाताको आवश्यकताको विषयमा छलफल हुनेछ।

मेलामा सामी परियोजना, रेमी योजना, उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्श, नेपाल तालीम तथा रोजगार व्यवसायी महासङ्घ, होटल व्यवसायी

(बाँकी अन्तिम पातामा)

## वीउवासङ्घका पदाधिकारीसँग छलफल

प्रस, वीरगंज, १७ जेठ/
राष्ट्रिय मुक्ति क्रान्ति पार्टीका नेताहरूले बिहीवार वीरगंज उद्योग वाणिज्य सङ्घका पदाधिकारीहरूसँग छलफल गरेका छन्।

आफ्नो पार्टीले अघि सारेको बहुल राष्ट्रिय राज्य, स्वदेशवाद, सामुदायिक समाजवादको विषयमा उद्योग वाणिज्य सङ्घका पदाधिकारीहरूलाई नेताहरूले अवगत गराएका थिए। उनीहरूले राष्ट्रिय मुक्ति क्रान्ति पार्टी तराई, पहाड, हिमाल गरी सबै नेपालीको हकहितमा जुटेको र यो अभियानमा वीरगंज उद्योग वाणिज्य सङ्घको साथ र सहयोग हुनुपर्ने आग्रह गरेका थिए।



कार्यक्रममा पार्टीका नेताहरू रामनरेश यादव, राजीव झा, निजामुद्दीन समानी, राजेश यादव, अनिल वर्मा, अनिरुद्धप्रसाद कलवार, वीउवासङ्घका अध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष माधव राजपाल, महासचिव आशिष लाठ, कोषाध्यक्ष शिवजीप्रसाद कलवार, सहसचिव नीरज अग्रवाललगायतको सहभागिता थियो।

## विचारसार र सूक्तिहरू

**निम्ता नपाई कुनै कार्यक्रममा नजाऊ, नसोधी केही नभन, ढिलो बोलाएको छ भने अस्वीकार गर, किनभने तिमी त्यसका लागि अपेक्षित छैनौ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# बजेटमा परेन वीचिकालि

**अर्थमन्त्री वर्षमान पुनले यो बजेटमा वीरगंज चिनी कारखाना र कृषि औजार कारखानाका लागि बजेट विनियोजन गरेनन् । वीरगंज चिनी कारखाना र कृषि औजार कारखाना सञ्चालनका लागि लामो समयदेखि बहसबाजी हुँदै आएको छ । कृषि औजार कारखाना पछिल्लो समयमा वैज्ञानिक महावीर पुनद्वारा सञ्चालित राष्ट्रिय अनुसन्धान केन्द्रको व्यवस्थापनमा मर्मतसम्भार गरी सञ्चालनमा रहेको छ । तर वीचिकालि सञ्चालनको विषय भने कुरा र प्रतिबद्धतामा मात्रै सीमित छ । वीचिकालि २०५९ सालमा बन्द भएको हो । वीचिकालि सरकारको अकर्मण्यताको कारण बन्द भएको आरोप लाग्दै आएको छ । वीचिकालिले हजारौं मानिसलाई प्रत्यक्ष/अप्रत्यक्ष रोजगार दिएको थियो । यस कारखानामा उत्पादित चिनी स्वदेशी माग पूरा गरेर विदेशसमेत निर्यात हुन्थ्यो । अहिले नेपालमा वार्षिक तीन लाख मेटन चिनीको माग छ तर सोको ६० प्रतिशत मात्र स्वदेशमा उत्पादन हुन्छ । बाँकी माग भारतबाट पूरा गरिन्छ । तत्कालीन सोभियत सङ्घको सहयोगमा निर्मित यो कारखानाबाट पर्सा, बारा, रौतहट, सर्लाहीसमेतका उखु किसानहरू लाभान्वित थिए ।**

**उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति अन्तर्गत चिनी उद्योग र उखु किसानको समस्या समाधान सुझाव उपसमितिले बुझाएको प्रतिवेदनमा वीचिकालि सञ्चालनका लागि सिफारिश गरेको थियो । बारा क्षेत्र नं ३ का सांसद एवं उपसमितिका संयोजक किसान श्रेष्ठसहितको टोलीले अध्ययन, अनुगमन गरेर कारखाना सञ्चालनका लागि प्रतिवेदन बुझाएको थियो । तर आव २०८१/८२ को बजेटमा वीचिकालिको नामसमेत उठान छैन, सञ्चालन त टाढाको कुरा हो । वीचिकालि, कृषि औजार, विराटनगर जुट मिल, गोरखकाली रबर उद्योग, हेटौंडा कपडा उद्योग सञ्चालनका कुरा अब नौलो रहेन । सरकारले प्रत्येक वर्ष आफ्नो नीति तथा कार्यक्रममा प्राथमिकताका साथ राख्ने र बजेट भाषणमा सम्बोधन गर्दै आएको छ । हेटौंडा कपडा उद्योग, वीचिकालि सरकारको प्राथमिकतामा पर्दै आए पनि दर्जन बराबर उद्योगमन्त्री परिवर्तन भइसक्दा पनि अहिलेसम्म सञ्चालनमा आएका छैनन् । हेटौंडा कपडा उद्योगको जग्गा अन्य उद्योगहरूले लिजमा लिएर सञ्चालन हुँदै आएका छन् । वीचिकालिको जग्गा अतिक्रमणको शिकार भएको छ । भौतिक संरचनाहरू मर्मतसम्भारको अभावमा जीर्ण बन्दै गएका छन् । गोदामहरू खण्डहरमा परिणत भएका छन् भने मेशीनहरूमा खिया लागेको छ । तर पनि सरकार परिवर्तनसँगै वीरगंज आउने सरकारी टोलीको लागि वीचिकालि अध्ययन, अनुगमन र सोही अनुरूपका प्रतिवेदनहरू बुझाउने परम्पराको रूपमा रहेको छ ।**

**एउटै विषयमा कतिपटक अध्ययन, अनुसन्धान गर्ने र प्रतिवेदन बुझाउने कार्य हुन्छ । उद्योगमन्त्रीहरूले यसबारेमा कुरा उठान गर्न सकेका छैनन् । सबै अध्ययन, अनुसन्धान र प्रतिवेदनहरू उद्योग सञ्चालन हुनुपर्नेमा लक्षित छन् । तर यो विषयमा पर्सा र बाराका सांसदहरूले जोडदाररूपमा विषय उठान गर्न सकेका छैनन् । जनतामाझमा पुग्दा एउटा कुरा, संसद्मा एउटा र मन्त्रालयमा अर्को कुरा गर्ने कारणले वीचिकालि सञ्चालनको विषयमा सरकार गम्भीर नभएको हुन सक्छ । यस क्षेत्रका सांसदहरूले वीचिकालि सञ्चालनका लागि आफ्नो निजी स्वार्थ त्यागी इमानदारीपूर्वक दबाब सिर्जना गरेको भए सरकार बाध्य हुन कर लाग्थ्यो ।**

# उत्तरी छिमेकीबाट यो पनि सिक्ने कि ?

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**नेपालजस्तो देशलाई चिनियाँ अथवा पश्चिमा दार्शनिकहरूको अनुभव र विचार चाहिएको छैन । हाम्रा आफ्नै महापुरुष र ऋषिमुनिहरूले वर्षौंको तपस्या र अध्ययनपश्चात् रचना गरेका महान् ग्रन्थहरू हाम्रानिम्ति प्रेरणाका स्रोत हुन् । चार वेद, उपनिषद्हरू, रामायण, महाभारत र विभिन्न स्मृति ग्रन्थहरूमा सबै कुरा लेखिएका छन् ।**

हामी नेपालीहरू विदेशी भाषा, संस्कृति, पहिरन, रहनसहन र राजनीतिक विचारधारालाई समेत आत्मसात् गरी त्यसलाई नेपाली रूपमा प्रस्तुत गर्दै आएका छौं । जबकि नेपाल सनातन धर्म–संस्कृतिको लामो इतिहास बोक्दै आएको देश हो । हाम्रो आफ्नो भाषा, संस्कृति, धर्म, परम्परा, तीर्थस्थलहरू गर्व गर्न लायक छन् र हालका दिनमा पश्चिमाहरूले समेत यसको अनुकरण गर्दै आएका छन् । नेपालमा कम्युनिस्ट पार्टीको वर्चस्व छ र नेपाली कम्युनिस्टहरू अहिले आफूलाई चिनियाँ कम्युनिस्ट पार्टीको शाखाका रूपमा सम्झिरहेका छन् । सायद त्यही भएर होला निरन्तररूपमा भेटघाट गर्ने र प्रशिक्षण लिने गरेका छन् । माओको देश चीनमा पनि अब माओको विचारधारा औचित्यहीन साबित भएको छ । माओको दर्शन गर्न लायक त्यस्तो केही पनि नरहेकाले चिनियाँहरूले देङ सियाओ पिङको आर्थिक उदारवादको नीतिलाई विगत चार/पाँच दशकदेखि आत्मसात् गर्दै आएका छन् र माओको सांस्कृतिक क्रान्तिलाई समेत औचित्यहीन र व्यर्थ साबित गर्दै कन्फुसियस विचारधारालाई पुनः आत्मसात् गर्दैछन्, प्रचारप्रसार गर्दैछन् र यसलाई सांस्कृतिक पुनर्जागरणको नाम दिएका छन् । माओका नेपाली चेलाहरूले उनका किताब पढेर हिन्दू धर्म–संस्कृतिलाई अपमानित गर्ने काम त गरे तर अब चीनले पनि सांस्कृतिक पुनर्जागरणको नाममा कन्फुसियस विचारधारालाई आत्मसात् गरेको छ । यस्तोमा के नेपालका माओवादी र कम्युनिस्टहरूले पनि आफ्नो सनातन धर्म–संस्कृतिको प्रचारप्रसारमा ध्यान दिनेछन् ? नेपालमा कन्फुसियस सेन्टरको शाखा खोल्न लगाएर चिनियाँ भाषा, संस्कृतिको नेपालमा पनि संरक्षण, संवर्धन र प्रवर्धन गर्नुभन्दा त विश्वकै पुरानो, सम्मानित र गौरवशाली पूर्वीय सभ्यता र संस्कृतिको विकासमाथि ध्यान दिनु उचित हुनेछ ।

नेपालका माओवादीले आफ्नो एक दशक लामो सशस्त्र सङ्घर्षमा हिन्दू धर्म–संस्कृतिलाई आफ्नो तारो बनाएका थिए, पण्डितको घाँटी छिनाल्ने काम गरे । संस्कृत पढ्ने वटुकको शिखा काटिदिए, ठाउँठाउँमा मठमन्दिरका पुजारीलाई अपमानित गर्ने काम भयो । आफ्नो अतीतको यस गलतीका लागि नेपाली जनतासामु उसले पश्चात्ताप गर्नुपर्छ ।

माओ त्से तुङको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीले सन् १९४९ मा नयाँ जनवादी क्रान्ति गरेको थियो । माओको नेतृत्वमा सर्वहारा सांस्कृतिक (१९६६–७६) क्रान्ति चलेको थियो । सांस्कृतिक क्रान्तिकालमा पुराना विचार संस्कार, संस्कृति, इतिहासलाई नामेट गर्न ठूलो अभियानहरू चले । पुराना ऐतिहासिक स्थलहरू पनि भत्क्याइए । घरमा समेत भएका मूर्तिहरू जफत गरियो र तिनीहरूलाई विनाश गरियो । त्यही सांस्कृतिक क्रान्तिकालमा कन्फुसियसको विचारधारा र दर्शनमाथि कडा आक्रमण भयो । उनका दार्शनिक पुस्तक र अभिलेखहरू खोजीखोजी नष्ट गर्ने कामसमेत गरियो । पुराना विचारधारा र दार्शनिक मान्यताका कारणले चिनियाँ समाजको पछौटेपनको दोषारोपणसमेत भयो । सर्वहारा संस्कृतिमा कन्फुसियसको दर्शनलाई तारो बनाएर उनका पुरातात्त्विक वस्तुहरूलाई नष्ट गर्ने काम भयो । उनका अनुयायीहरूलाई समेत मुख्य निशाना बनाउने काम भयो । पार्टीभित्र नेता, कार्यकर्तामाथि अनुयायी भएकै कारण माओले तारो बनाए । लिन प्याओ, चाउ ऐनलाईसमेत कन्फुसियसका अनुयायी भएका कारणले राजनीतिकरूपमा प्रतिशोधको भावनाले हेर्ने काम भयो । माओले स्थापना गर्न खोजेको समाजवाद र साम्यवादको विरोधी दर्शनका रूपमा कन्फुसियसलाई मानेको थियो । माओले आफ्नो यात्रामा कन्फुसियस दर्शनलाई तगारोको रूपमा चित्रण गरेका थिए । माओको सांस्कृतिक क्रान्तिको बढी प्रभाव तिब्बतमाथि परेको थियो । बुद्ध धर्म र संस्कृतिमाथि पनि यसको दुष्प्रभाव पर्न गयो । अब अहिले त तिब्बतमा हान जातिहरूको सङ्ख्या पनि तिब्बतीहरूभन्दा कम छैन । आज चीनमा एकपटक फेरि पनि कन्फुसियसको विचारधारालाई आत्मसात् गर्ने काम भइरहेको छ । चिनियाँहरू कन्फुसियस दर्शनमाथि गर्व गर्न थालेका छन् । वर्तमान चिनियाँ राष्ट्रपति सी जिनपिङले अघि सारेको ग्लोबल सिभिलाइजेशन इनिशिएटिभ (जिसिआई) मूलतः कन्फुसियसकै विचारधारा र चिनियाँ संस्कृतिको विश्वव्यापी प्रभाव बढाउने पहल नै हो । जुन चीनले दशकअघिसम्म कन्फुसियस विचारधारालाई देशको आर्थिक विकासमा बाधक मान्ने काम गरेको थियो । आज त्यही चीनले आफ्नो पुरानो संस्कृति, परम्परा र धर्ममाथि नै गर्व गर्न थालेको छ । माओको देशमा नै माओको विचारधारा अप्रासाङ्गिक साबित भइरहेको छ । यस्तोमा नेपाली माओवादी र वामपन्थीले माओको मन्त्रलाई अन्तिम सत्य मान्नुको कुनै अर्थ छैन ।

माओको मृत्युपछि चिनियाँ कम्युनिस्ट पार्टीले नयाँ मोड लियो । आर्थिक उदारीकरणको बाटोमा देशलाई हिंडाउने काम गर्‍यो । देङ सियाओ पिङको यस पहलकै कारण चीन अहिले विश्वको प्रमुख आर्थिक शक्तिमध्येको एक बन्न गएको छ । पछिल्लो चार दशकको उसको आर्थिक उदारवादको नीतिले उसलाई विकासोन्मुख मुलुकबाट बाहिर ल्याएर विश्वको सम्मानित अर्थतन्त्र बनाएको छ । विश्वका चार प्रमुख आर्थिक शक्तिमा जापान, चीन र भारत तीनवटा एशियाबाटै आउँछन् । एशियामा शक्ति केन्द्र स्थानान्तरण हुने प्रक्रिया तीव्र गतिमा बढेको छ । प्रमुख आर्थिक शक्ति बन्ने होडमा भारत र चीनबीच प्रतिस्पर्धा भइरहने निश्चित जस्तै छ । अहिलेको चीन माओवादीकालीन गरीब, कमजोर र भोकमरीले थिलथिलो भएको देश होइन ।

केवल राजनीतिक विचारधारा तथा दर्शनको अध्ययनले मात्रै काम चल्दैन । आँखा चिम्लेर कसैको अन्धो समर्थक र भक्त हुनु उचित होइन । अध्ययनपश्चात् मनन पनि आवश्यक छ । विश्वव्यापी अनुभवबाट पनि केही सिक्नुपर्छ । आज नेपालजस्तो देशमा पनि त्यही माओको देश चीनले आफ्नो दार्शनिक कन्फुसियसको विचार र चिनियाँ संस्कृतिको व्यापकरूपमा प्रचारप्रसार गर्न चाहन्छ । नेपालजस्तो देशलाई चिनियाँ अथवा पश्चिमा दार्शनिकहरूको अनुभव र विचार चाहिएको छैन । हाम्रा आफ्नै महापुरुष र ऋषिमुनिहरूले वर्षौंको तपस्या र अध्ययनपश्चात् रचना गरेका महान् ग्रन्थहरू हाम्रानिम्ति प्रेरणाका स्रोत हुन् । चार वेद, उपनिषद्हरू, रामायण, महाभारत र विभिन्न स्मृति ग्रन्थहरूमा सबै कुरा लेखिएका छन् । सनातन धर्म–संस्कृति स्वयम् नै ज्ञानको भण्डार हो । जसरी चिनियाँहरूले आफ्नो संस्कृति र दार्शनिकमाथि विश्वास गरेका छन्, त्यसरी नै हामीले पनि हाम्रा महापुरुषहरूबाट सिक्ने प्रयास गर्नुपर्छ ।

# नदीमा जलसतह बढेपछि विद्युत निर्यात शुरू

काठमाडौं १७ जेठ : खोला तथा नदीमा पानीको बहाव क्रमिक रूपमा बढेसँगै देशभित्रका जलविद्युतगृहबाट विद्युत उत्पादन वृद्धि हुन थालेपछि भारततर्फ निर्यात शुरू भएको छ ।

नेपाल विद्युत प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत गत सोमवार (१४ जेठ राति) देखि भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) मार्केटमा प्रतिस्पर्धी दरमा बिक्री शुरू गरेको हो ।

खोला तथा नदीमा पानीको बहाव बढेसँगै प्राधिकरण, प्राधिकरणका सहायक कम्पनीहरू र निजी क्षेत्रका स्वामित्वमा रहेका जलविद्युत आयोजनाको उत्पादन वृद्धि भएर आन्तरिक माग पूरा भएपछि अतिरिक्त भएको विद्युत निर्यात शुरू गरिएको हो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अहिले दैनिक रूपमा चार सय मेगावाटको हाराहारीमा विद्युत निर्यात भइरहेको जानकारी दिनुभयो ।

“खोला तथा नदीमा पानीको बहाव क्रमिक रूपमा बढ्दै गइरहेकाले विद्युत उत्पादन पनि वृद्धि भइरहेको छ भने पिक समयमा आन्तरिक खपत पनि दुई हजार मेगावाट पुगेको छ । विगत सात/आठ वर्षअघि दैनिक रूपमा विद्युत खपत एक/डेढ करोड युनिटको हाराहारीमा रहेकामा हाल बढेर चार/साढे चार करोड युनिट पुगेको छ”, कार्यकारी निर्देशक घिसिङले भन्नुभयो ।

आन्तरिक माग पूरा गरी अतिरिक्त भएको एक हजारदेखि एक हजार दुई सय मेगावाट विद्युत प्रतिस्पधी बजार र द्विपक्षीय सम्झौताबमोजिम यस वर्ष निर्यात लक्ष्य राखिएको छ । निर्यात स्वीकृतिका लागि आयोजनाको सूची भारतको केन्द्रीय विद्युत प्राधिकरणसमक्ष प्रस्ताव पठाइसकेको उहाँले बताउनुभयो ।

द्विपक्षीय सम्झौताबमोजिम बिहार राज्यलाई करिब दुई सय मेगावाट विद्युत बिक्री गर्न पावर ट्रेड कम्पनीसँग र करिब चार सय हरियाणा राज्यलाई बिक्री गर्न एनटिपिसी विद्युत व्यापार निगम एनभिभीएनसँग सम्झौता गरी स्वीकृतिका लागि भारतको केन्द्रीय विद्युत प्राधिकरणमा प्रस्ताव पठाइसकेको घिसिङले उल्लेख गर्नुभयो ।

केन्द्रीय विद्युत प्राधिकरणले हालसम्म नेपालका १५ वटा जलविद्युत आयोजनाबाट उत्पादित छ सय ५६ मेगावाट विद्युत प्रतिस्पधी बजारमा निर्यातका लागि स्वीकृति दिएको छ । कुल छ सय ५६ मेगावाटबाटै मध्यकालीन विद्युत सम्झौताबमोजिम हरेक वर्ष जुनदेखि अक्टोबरसम्म पाँच वर्षका लागि एक सय १० मेगावाट विद्युत एनभिभीएनलाई बिक्री गर्न स्वीकृति दिइएको हो ।

एनभिभीएनले उक्त विद्युत हरियाणा राज्यलाई बिक्री गर्दै आएको छ । नेपालले विद्युत रियल टाइम मार्केटमा विद्युत खरिद बिक्रीको पनि अनुमति पाएको छ । छ सय ५६ मेगावाटमध्ये ढल्केबर–मुजफ्फपुर चार सय केभी अन्तरदेशीय प्रसारण लाइनबाट पाँच ८६ र ७० मेगावाट महेन्द्रनगर–टनकपुर एक सय ३२ केभी प्रसारण लाइनबाट निर्यात भइरहेको छ ।

कार्यकारी निर्देशक घिसिङले बाराको पिलुवा सबस्टेशनबाट परवानीपुर सबस्टेशनसम्मको करिब १८ किलोमिटर एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइनको क्षमता विस्तार गर्न एउटा सर्किट बन्द गरी तार (कन्डक्टर) बदल्ने काम भइरहेकाले वीरगञ्ज क्षेत्रका उद्योगमा विद्युत आपूर्तिको केही समस्या रहेको उल्लेख गर्नुभयो ।

पिलुवा–परपानीपुर प्रसारण लाइनको हालको कन्डक्टरलाई बदलेर एचटीएलएस बनाउन अहिले एउटा सर्किट बन्द गरी काम भइरहेको छ । एउटा सर्किटबाट मात्र आपूर्ति भएकाले विद्युत्बाट माग नधान्ने र राति भारततर्फबाट आयात गर्न नपाउने हुँदा वीरगंज करिडोरका उद्योगहरूमा आपूर्तिको समस्या छ ।

कन्डक्टर बदल्ने काम केही दिनमा सकिने विद्युत् प्राधिकरणले जनाएको छ । त्यसपछि हालको समस्या समाधान हुनेछ । दुवै सर्किटको कन्डक्टर बदलेपछि हालको करीब दुई सय मेगावाट विद्युत् प्रवाह गर्न सक्ने पिलुवा–परपानीपुर १३२ केभी प्रसारणलाइनको क्षमता दुई गुणा बढ्ने प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले बताए । उनका अनुसार परवानीपुर सबस्टेशनबाट भारततर्फ पनि विद्युत् निर्यात हुनेछ ।

### हिउँदमा १५ अर्बको विद्युत् आयात

नेपाल विद्युत् प्राधिकरणले यस वर्षको हिउँदयाममा देशभित्रको विद्युत् माग धान्न रु १५ अर्ब २१ करोडको विद्युत् भारतबाट आयात गरेको छ । सुक्खायाम शुरू भएसँगै खोला तथा नदीहरूमा पानीको बहाव घटी देशभित्रका नदी प्रवाही जलविद्युत् गृहहरूबाट विद्युत् उत्पादन घट्ने हुँदा माग धान्न भारतबाट आयात गरिएको हो । यस अवधिमा एक अर्ब ८१ करोड ४८ लाख युनिट विद्युत् आयात गरिएको प्राधिकरणले जनाएको छ ।

गत वर्षको जेठदेखि यस वर्षको हालसम्म रु १५ अर्ब ६२ करोड बराबरको विद्युत् प्राधिकरणले भारततर्फ निर्यात गरेको छ । चालू आव २०८०/८१ को साउनदेखि हालसम्म रु १३ अर्ब ४७ करोडको विद्युत् निर्यात गरिएको छ । प्राधिकरणले चालू आवमा निर्यातभन्दा रु एक अर्ब ७४ करोडको बढी विद्युत् आयात गरेको हो । यस अवधिमा एक अर्ब ४९ करोड २९ लाख युनिट विद्युत् निर्यात गरिएको हो ।

आयात गरिएको विद्युत्को मूल्य निर्यात गरिएकोभन्दा सस्तो रहेको छ । निर्यात गरिएको विद्युत्को प्रतियुनिट औसत मूल्य नौ रुपियाँ दुई पैसा रहेको छ भने आयातको प्रतियुनिट औसत मूल्य आठ रुपियाँ ३८ पैसा रहेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले जेठको बाँकी समय र असारमा निर्यात हुने विद्युत् परिमाणबाट चालू आवमा आयातभन्दा निर्यात बढी भई खुद निर्यातकर्ता बन्ने अवस्था देखिएको बताए ।

“केही वर्षअघिसम्म विद्युत्को आयातकर्ताको मात्र अवस्था थियो । पछिल्ला तीन वर्षदेखि भने विद्युत्को निर्यात शुरू गरे तापनि निर्यातभन्दा आयात बढी भई खुद आयातकर्ता बन्ने अवस्था थियो भने यस वर्षबाट खुद आयातकर्ताबाट निर्यातकर्ता बन्ने अवस्था देखिएको छ,” कार्यकारी निर्देशक घिसिङले भने ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# अर्थ - उद्योग - वाणिज्य

## ऋण प्रवाह र सङ्कलन कसरी सरल पार्ने ?

अर्थविशेष



विश्वराज अधिकारी

akoutilya@gmail.com

**ऋण भुक्तानी विश्वसनीयता अनुगमन गर्ने संस्था र क्रेडिट कार्ड कम्पनीको स्थापना गरेर नेपालमा ऋण प्रवाह र सङ्कलन कार्य प्रभावकारी तुल्याउन सकिन्छ। यो कार्यलाई सजिलो पार्न सकिन्छ। अहिलेजस्तो ऋण दिने संस्थाहरू डुब्ने समस्या धेरै हदसम्म कम पार्न सकिन्छ।**

गत मङ्गलवार (१५ जेठ २०८१) अर्थमन्त्री वर्षमान पुनले १८ खर्ब ६० अर्ब ३० करोड रुपियाँ विनियोजन गरिएको बजेट पेश गरेका छन्। अहिलेको लागि महत्त्वपूर्ण विषय बजेटमाथिको चर्चा नै हो। तर नेपालमा ऋण प्रवाह र सङ्कलन पनि अति नै महत्त्वपूर्ण विषय हुन पुगेको छ। आउने दिनहरूमा हालै पेश गरिएको बजेटमाथि चर्चा गर्ने उद्देश्य राख्दै अहिलेलाई ऋण प्रवाह र सङ्कलन विषयमा चर्चा गर्ने प्रयास गरिएको छ।

नेपालमा ऋण प्रवाह र सङ्कलन अहिलेसम्म पनि सजिलो हुन सकेको छैन। यो स्थितिले गर्दा अनेक संस्थाहरूबाट ऋण वा पैंचो पाउन सजिलो छैन। अर्कोतिर ऋण, पैंचो वा उधारो दिने ब्यक्ति वा संस्थालाई आफूले प्रवाह गरेको ऋण उठाउन कठिन छ। कुनै सम्पत्ति धितो नराखेर ऋण पाउन नेपालमा लगभग असम्भव नै छ। यसैगरी बढी मूल्य पर्ने वस्तुहरू उधारो खरीद गर्न पनि कठिन छ। केही सीमित व्यक्तिहरूको लागि ऋण लिन वा उधारोमा सामान खरिद गर्न सजिलो भए तापनि बहुसङ्ख्यक व्यक्तिका लागि यी दुवै कार्य ज्यादै कठिन छ। यो आधुनिक वित्तीय युगमा पनि सुगम ऋण प्राप्ति सुविधा बहुसङ्ख्यक व्यक्तिको पहुँचभन्दा निकै पर छ।

नेपालमा ऋण प्रवाह र सङ्कलन कार्य व्यवस्थित हुन नसकेको हुनाले ऋण प्रवाह र सङ्कलन उच्च जोखिमपूर्ण कार्य हुन पुगेको छ। धेरै लगानीकर्ताको लगानी डुबेको छ। अनेक सहकारी एवं वित्तीय संस्थाहरू डुबेका छन्। तर प्रभावकारी व्यवस्थापनको माध्यम र आवश्यक नियम एवं कानूनहरू निर्माण गरेर ऋण प्रवाह र सङ्कलन कार्य प्रभावकारी पार्न सकिन्छ, सजिलो बनाउन सकिन्छ। कोषको आवश्यकता परेका व्यक्तिलाई सजिलै कोष (ऋण) उपलब्ध गराउन सकिन्छ।

आम्दानीको हिसाबले व्यक्तिलाई तीन वर्गमा विभाजन गर्न सकिन्छ। पहिलो वर्गमा पर्ने व्यक्ति यस्ता हुन्छन् जसको आम्दानी उनले गर्ने खर्चभन्दा ज्यादै बढी हुन्छ। यस्ता व्यक्तिलाई ऋण आवश्यक पर्दैन। तर यस्ता व्यक्तिको सङ्ख्या, कुनै पनि समाज वा देशमा ज्यादै न्यून हुन्छ।

दोस्रो वर्गमा पर्ने व्यक्ति यस्ता हुन्छन् जसको आम्दानी उनले गर्ने खर्चको बराबर हुन्छ। यस्ता व्यक्तिलाई पनि ऋण आवश्यक पर्दैन। तर यस्ता व्यक्तिहरूसँग बचत नहुने हुँदा ठूलो रकम खर्च गरेर कुनै सामान खरीद गर्नुपरे वा कुनै सामाजिक कार्य (विवाह, जन्म-मृत्यु संस्कार) गर्नुपरे वा शैक्षिक क्रियाकलापका लागि ऋण आवश्यक पर्छ। यस्ता व्यक्तिको सङ्ख्या पनि उच्च नै हुन्छ।

तेस्रो वर्गमा पर्ने व्यक्तिको स्थिति सर्वथा विपरीत हुन्छ। उनीहरूको खर्च भन्दा आम्दानी कम हुन्छ। यस्ता व्यक्तिलाई प्रत्येक समय, प्रत्येक दिन, प्रत्येक महीना ऋण वा उधारो लिनुपर्ने हुन्छ। यस्ता व्यक्तिको सङ्ख्या पनि ज्यादै उच्च हुन्छ। अब प्रश्न उठ्छ जसको आम्दानी खर्चभन्दा कम छ, त्यस्ता व्यक्तिलाई ऋण दिने कि नदिने? यसैगरी यस्ता व्यक्तिहरूलाई उधारोमा सामान बिक्री गर्ने कि नगर्ने ?

आम्दानीभन्दा खर्च बढी हुने व्यक्तिलाई पनि ऋण दिन सकिन्छ। उनीहरूलाई उधारोमा पनि समानहरू बिक्री गर्न सकिन्छ। किन र कसरी ?

आम्दानीभन्दा खर्च बढी हुने व्यक्तिहरूको स्थिति विशेष किसिमको हुन्छ। वर्तमानमा आम्दानी खर्चभन्दा कम भए तापनि भविष्यमा आम्दानी, खर्चभन्दा बढी हुने सम्भावना रहन्छ। र उनीहरूसँग रहने यो सम्भावनाले गर्दा नै उनीलाई ऋण प्रदान गर्न सकिन्छ। उधारोमा सामान बिक्री गर्न सकिन्छ। भविष्य, जहिले पनि अनेक सम्भावना र अवसरहरूले युक्त हुन्छ। वर्तमानभन्दा भविष्यमा कुनै पनि व्यक्तिले राम्रो आम्दानी गर्न सक्ने सम्भावनालाई अस्वीकार्न सकिंदैन। यस कारणले गर्दा पनि त्यस किसिमको स्थिति रहेका ब्यक्तिहरूलाई पनि ऋण प्रदान गर्न सकिन्छ। उधारोमा सामान बिक्री गर्न सकिन्छ।

'क्रेडिट कार्ड' को व्यवस्था गरेर नेपालमा ऋण प्रवाह र उधारोमा सामान बिक्री गर्ने कार्य व्यवस्थित गर्न सकिन्छ। सरल किसिमले क्रेडिट कार्य प्राप्त गर्ने व्यवस्था भएमा कम आम्दानी हुनेले, आम्दानीभन्दा खर्च बढी हुनेहरूले वा वर्तमानमा आम्दानी कम भए तापनि भविष्यमा राम्रो आम्दानी हुन सक्ने सम्भावना हुनेहरूले सहजै ऋण प्राप्त गर्न सक्छन्। सहजै उधारो सामान खरीद गर्न सक्छन्। क्रेडिट कार्ड प्रयोगद्वारा ऋण प्रवाह र सङ्कलन दुवै काम सजिलो एवं प्रभावकारी बनाउन सकिन्छ।

नेपालमा तत्काल निजी क्षेत्रबाट क्रेडिट कार्ड कम्पनी (क्रेडिट कार्ड जारी गर्न संस्था) स्थापना हुने सम्भावना देखिंदैन। त्यसकारण पछि निजी क्षेत्रलाई हस्तान्तरण गर्नेगरी अहिले सरकारी स्वामित्वमा क्रेडिट कार्ड कम्पनी स्थापना हुन आवश्यक देखिन्छ। हालै आव २०८१-२०८२ को लागि प्रस्तुत गरिएको बजेटमा क्रेडिट कार्ड कम्पनी स्थापनाका लागि नीति, नियम निर्माण गरेको भए राम्रो हुने थियो।

ऋण प्रवाह र सङ्कलन कार्य प्रभावकारी बनाउन क्रेडिट कार्ड कम्पनी स्थापना गर्न जति आवश्यक छ, त्यतिकै आवश्यक ऋण लिने व्यक्तिहरूको 'ऋण भुक्तानी विश्वसनीयता अनुगमन' गर्ने संस्था स्थापना हुनु आवश्यक छ। ऋण भुक्तानी विश्वसनीयता अनुगमन गर्ने संस्थाले कुनै पनि ऋण वा उधारो लिने व्यक्तिको आर्थिक कारोबार वा ऋण फिर्ता गर्ने व्यवहारको अनुगमन गर्दछ। कुनै व्यक्तिले, आफूले लिएको ऋण वा उधारो समयमा चुक्ता गरेको छ भने ऋण भुक्तानी विश्वसनीयता अनुगमन गर्ने संस्थाले उक्त व्यक्तिको सो असल आर्थिक व्यवहारको अभिलेख राख्दछ र उसलाई असल ऋणीको दर्जा दिन्छ। असल ऋणीको दर्जा पाएको व्यक्तिलाई ऋण लिन समस्या पर्दैन। त्यस्तो व्यक्तिले सजिलै, जहाँबाट पनि ऋण पाउन सक्छ। उधारोमा सामान खरीद गर्न सक्छ। यसविपरीत, यदि कुनै व्यक्तिले ऋण समयमा चुक्ता गरेको छैन, उसको आर्थिक व्यवहार पनि विश्वसनीय छैन भने सो कम्पनीले उसलाई शङ्कास्पद ऋणीको दर्जा दिन्छ। शङ्कास्पद ऋणीको दर्जा पाएको व्यक्तिलाई ऋण पाउन र उधारोमा सामान खरीद गर्न कठिन हुन्छ। यसरी ऋण भुक्तानी विश्वसनीयता अनुगमन गर्ने संस्थाले कुन ऋणी विश्वसनीय र कुन अविश्वसनीय भनी छुट्याइदिने हुनाले ऋण प्रवाह र सङ्कलन कार्य सजिलो र प्रभावकारी हुन पुग्दछ।

ऋण भुक्तानी विश्वसनीयता अनुगमन गर्ने संस्थाले ऋण लिन खोज्नेहरूको भीडबाट कुन व्यक्ति असल ऋणी हो र कुन व्यक्ति शङ्कास्पद भनी सजिलै छुट्याइदिन्छ। ऋण प्रभाव र सङ्कलन कार्यलाई सजिलो पारिदिन्छ।

ऋण भुक्तानी विश्वसनीयता अनुगमन गर्ने संस्थाले कुनै पनि व्यक्तिको आर्थिक कारोबारको विश्वसनीय अनुगमन गर्ने हुनाले ऋण लिने वा आर्थिक कारोबार गर्ने व्यक्ति जहिले पनि, समयमा ऋण भुक्तान गर्न तत्पर हुन्छ। वा त्यस किसिमको व्यवस्थाले गर्दा समयमा नै ऋण चुक्ता गर्न बाध्य हुन्छ।

ऋण भुक्तानी विश्वसनीयता अनुगमन गर्ने संस्था र क्रेडिट कार्ड कम्पनीको स्थापना गरेर नेपालमा ऋण प्रवाह र सङ्कलन कार्य प्रभावकारी बनाउन सकिन्छ। यो कार्यलाई सजिलो पार्न सकिन्छ। अहिलेजस्तो ऋण दिने संस्थाहरू डुब्ने समस्या धेरै हदसम्म कम पार्न सकिन्छ।

ऋण भुक्तानी विश्वसनीयता अनुगमन गर्ने संस्था र क्रेडिट कार्ड कम्पनीहरू स्थापना गर्ने हो भने 'मिटर ब्याजी', सहकारी ऋण मुद्दा, वित्तीय कम्पनीहरूमा मनोमानीजस्ता समस्या समाधान गर्न सकिन्छ।

क्रेडिट कार्डको व्यवस्था र प्रयोगले व्यक्तिको क्रयशक्ति पनि वृद्धि हुन्छ। कुनै व्यक्तिसँग तत्काल पैसा नरहेको तर भविष्यमा हुन सक्ने स्थिति देखिएको अवस्थामा क्रेडिट कार्ड प्रयोग गरेर उक्त व्यक्तिले सामान खरीद गर्न सक्छ। अथवा आफ्नो क्रयशक्ति बढाउन सक्छ।

क्रेडिट कार्डले उपरोक्त किसिमले व्यक्तिको क्रयशक्ति पनि वृद्धि गरिदिंदा बजारमा थप बिक्री हुने अवसर सृजना हुन्छ। अर्थात् बजारमा पनि सकारात्मक असर पर्छ। क्रेडिट कार्डले गर्दा बिक्रेताहरू थप बिक्री गरेर राम्रो आम्दानी प्राप्त गर्न सक्ने अवसर सृजना हुन्छ।



**निर्माणाधीन साइफनः** सप्तरीको तिरहुत गाउँपालिका-२ मैनाकडेरीस्थित नेपालकै अति पुरानो चन्द्रनहरमा सिंचाइका लागि पानी निकासी गर्न निर्माणाधीन साइफन। तस्बिरः अरुणकुमार यादव/रासस

## धितोपत्र माग सिर्जनाका विकल्प



अचुतकुमार ओझा

नेपालको धितोपत्र बजार सात प्रदेश, ७७ जिल्ला र ७५३ स्थानीय तहका नागरिकसम्म पुगेको अवस्था छ। प्रविधिको प्रयोग, नियामकका प्रयास र राज्यको नीति तथा कार्ययोजनाले गर्दा ६२ लाखभन्दा बढी लगानीकर्ता डिम्याट खाता खोलेर धितोपत्र बजारमा कारोबार गरिरहेका छन्। यतिधेरै सर्वसाधारणको प्रत्यक्ष सहभागिता रहेको वित्तीय क्षेत्रको थप विकास र विस्तारका लागि स्थायित्वसहित सन्तुलित ढङ्गबाट अगाडि बढाउनु सबैको जिम्मेवारी हो। यसका लागि आपूर्तिसँगै माग पक्ष पनि बलियो बनाउनु आवश्यक छ।

धितोपत्र (शेयर, बोन्ड, डिबेन्चर, संस्थापक शेयर, अग्राधिकार शेयर, म्युचुअल फन्ड आदि)का प्राथमिक सार्वजनिक निष्कासन (आइपिओ), हकप्रद र बोनसमार्फत पूँजी जुटाएर उद्योग र परियोजना सञ्चालन गर्नेको सङ्ख्या दैनिक वृद्धि भइरहेको छ। यसै आर्थिक वर्ष २०८०/८१ जेठ ६ गतेका दिन सिडिएससी एन्ड क्लिरिङ लिमिटेड (सिडिएससी)का साइटमा राखिएको तथ्याङ्क अनुसार दर्ता भएका कुल धितोपत्रको सङ्ख्या १३ अर्ब २६ करोड १९ लाख ३० हजार ९९१ मध्ये अभौतिकीकरण गरिएको सङ्ख्या १२ अर्ब ३७ करोड ८३ लाख ४५ हजार ३७१ पुगेको छ भने अभौतिकीकरण गर्न बाँकीमा ८८ करोड ३५ लाख ८५ हजार ६२० देखिन्छन्।

नेपाल स्टक एक्स्चेन्ज (नेप्से)मा पछिल्लो तीन आवका प्रतिवेदनमा प्रकाशित विवरण अनुसार आव २०७७/७८ मा १९० कम्पनीले एक अर्ब ६५ करोड २५ लाख ४४ हजार ६९६, आव २०७८/७९ मा २०४ कम्पनीले एक अर्ब ४९ करोड ३८ लाख ६१ हजार ३०३ र आव २०७९/८० मा २१६ कम्पनीले एक अर्ब ९६ करोड ८७ लाख ५३ हजार ३७८ कित्ता धितोपत्र जारी गरेका देखिन्छन्। उक्त अवधिमा मात्रै कुल ६१० कम्पनीले पाँच अर्ब ११ करोड ५१ लख ५९ हजार ३७८ कित्ता शेयर बजारमा निष्कासन गरेका छन्। नेपाल धितोपत्र बोर्ड (सेबोन)का निवर्तमान अध्यक्ष रमेश हमालको २०८० पुस २० गते कार्यकाल सकिएपछि नयाँ पूर्णकालीन अध्यक्ष नियुक्त हुन नसक्दा त्यसपछि कुनै पनि धितोपत्र स्वीकृत हुन सकेको छैन।

हाल सेबोनमा नयाँ ३५ र नेप्सेमा सूचीकृत १३ कम्पनी क्रमशः आइपिओबापत रु २७ अर्ब ६९ करोड ५० लाख ३७ हजार २३३ र हकप्रदबापत रु ११ अर्ब ३६ करोड ४५ लाख २८ हजार दुई सय बराबरको धितोपत्र निष्कासनका लागि आवेदन दिई स्वीकृतिको पर्खाइमा रहेका छन्। यसले पूँजी बजारमा आपूर्तिको बहार नै आउने देखिन्छ। यसरी हुने आपूर्ति र मागबीच तालमेल मिलाउन सकेमा देशको अर्थतन्त्र गतिशील र सबल बनाउन मदत पुग्नेछ। तसर्थ धितोपत्र बजारमा माग पक्षलाई सुधार गर्न निम्न उपाय कार्यान्वयनमा आउनु आवश्यक छः

**बाई ब्याक**

बेलायतको बहुराष्ट्रिय बैंक स्टान्डर्ड चार्टर्ड पिएलसीले गत फेब्रुअरीको मध्यतिर एक अर्ब डलरको शेयर 'बाई ब्याक' (आफ्नो कम्पनीको शेयर आफैंले खरीद) गर्ने घोषणा गरेसँगै उक्त कम्पनीको शेयर प्रतिकित्ता यो आलेख तयार गर्दासम्म १४ प्रतिशत बढिसकेको छ। वारेन्ट बफेट नेतृत्वमा रहेको बर्कसायर हाथवेले निरन्तर आफ्नो कम्पनीको शेयर 'बाई ब्याक' गर्ने र बजार लिडरका रूपमा स्थापित भइरहने रणनीति लिएका हुन्छन्। तर नेपालमा 'बाई ब्याक' को सुविधा नहुनाले अन्यत्र अवसर नहुँदा र पर्याप्त तरलता हुँदासमेत बूक भ्यालुभन्दा मुनि रहेको शेयर खरीद गरेर मूल्यलाई स्थिर राख्न सकिने अवस्थाबाट विमुख हुनुपरेको छ। यदि नेपालमा शेयर 'बाई ब्याक' गर्ने कानूनी र नीतिगत व्यवस्था भइदिएको भए अहिले चलिरहेको बियरिस (घट्दो) बजारमा सम्बन्धित कम्पनीले आफ्नो शेयर उठाउँदा माग सिर्जना हुने अवस्था हुन्थ्यो। सर्वसाधारण नागरिकमा समेत शेयर बजार र कम्पनीप्रति विश्वास बढ्न गई बजारमा माग पक्ष सकारात्मक बन्ने र बजारले लय समात्ने अवस्था आउन सक्ने थियो।

**एनआरएनलाई प्रवेश**

यही जेठ १ गते आव २०८१/८२ का लागि सरकारले नीति तथा कार्यक्रम ल्याउँदा बुँदा नं २० मा 'पूँजी बजार सुधारका लागि विभिन्न समयमा भएका अध्ययनबाट प्राप्त सुझावहरू क्रमशः कार्यान्वयन गरिनेछ' भनेर राखेको छ। नेपाल राष्ट्र बैंक (नेराबैं)ले नेपाल सरकारलाई दिएको सुझावमा 'एनआरएनलाई पूँजी बजारमा लगानी गर्न तथा लगानी गरेको रकम र मुनाफा सजिलै लैजान सक्नेगरी व्यवस्था मिलाउन पर्ने' सुझाव दिएको अवस्था छ।

सेबोनले सञ्चालक सदस्यका नेतृत्वमा तीन महीनाको समयसीमाभित्र अध्ययन गरी नियमावली र कार्यविधिको मस्यौदा बोर्डमा पेश गर्नेगरी समिति बनाएको करीब एक वर्षभन्दा लामो समय भइसके पनि ठोस नतीजा पाउन सकेको अवस्था छैन। यसैले धितोपत्र बजारमा गैरआवासीय नेपाली भित्र्याउने प्रक्रिया छिटो टुङ्ग्याएर तरलता बढाउने, माग सिर्जना गर्ने, बजारको आकार र फैलावट सुधार गर्ने, जोखिम न्यूनीकरण र मूल्य स्थिरता कायम गर्नेलगायत काम गर्न आवश्यक छ, जसले सन्तुलित बजार निर्माणमा टेवा पुग्ने देखिन्छ।

**बिक्री अवधिको सीमा खुला**

नेराबैंले २०७८ जेठ ११ गते एक परिपत्र जारी गर्दै 'क' 'ख' र 'ग' स्तरका बैंक तथा वित्तीय संस्थाले उक्त दिनपछि धितोपत्र खरीद गरेमा कम्तीमा एक वर्ष आफैंले राख्नुपर्ने र उक्त अवधिपछि पनि प्राथमिक पूँजीको एक प्रतिशत मात्रै बिक्री गर्न पाउने' व्यवस्था गरेको थियो। यसले ती संस्थालाई लगानी गर्न निरुत्साहित गरेको छ। बैंक तथा वित्तीय संस्थाहरूले पनि व्यापार गर्न पाउने हो भने हाल तरलता उच्च तथा कर्जा परिचालन हुन नसकिरहेको अवस्थामा दैनिक कारोबार बढ्ने, लगानी भित्रिने र माग सिर्जना भई बजार विकासमा सहयोग पुग्ने भएकोले धितोपत्र खरीदपछि बिक्री 'जुनसुकै समयमा गर्न सक्ने' गरी परिमार्जन गर्नु आवश्यक छ। यसैलाई आंशिक सम्बोधन गर्न नेराबैंले २०८१ जेठ ४ गते मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामार्फत ४० नं बुँदामा प्राथमिक पूँजीको २० प्रतिशतसम्म एक वर्षपछि बिक्री गर्न सक्नेगरी बाटो खोलिदिएको छ। यसलाई सुखद सुरुआत मान्नुपर्छ।

**शेयर कर्जा र जोखिम**

नेराबैंको कठोर मौद्रिक नीति हाल तरलता प्रशस्त रहेको, ब्याज घटेर एकल अङ्कमा आएको र पूँजी बजार न्यून बिन्दुमा रहेको समयमा व्यक्तिगत रु १५ करोड र संस्थागततर्फ रु २० करोड कर्जाको सीमा जायज हुन सक्दैन, जसलाई खुला गरिनुपर्छ। यस्तै, धितोपत्रको मूल्य बूक भ्यालुभन्दा तलतिर आइसकेको अवस्थामा कर्जाको जोखिमभार रु ५०

(बाँकी अन्तिम पातामा)

# आर्थिक रूपान्तरणका लागि सूचना प्रविधि

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**सूचना प्रविधि उद्योगको विकास र विस्तारका लागि लगानीमैत्री वातावरण बनाउनुका साथै यस उद्योगमा वैदेशिक लगानी र ज्ञान भित्र्याउने पहल हुनुपर्छ । यसका साथै सूचना प्रविधि, उद्योगमैत्री पूर्वाधार निर्माण तथा आवश्यक जनशक्ति उत्पादनका लागि विद्यालय शिक्षादेखि नै यससम्बन्धी पाठ्यक्रम लागू गर्नुपर्छ ।**

सञ्चार तथा सूचना क्षेत्रमा हाल दैनिकजसो नयाँनयाँ प्रविधिको विकास तथा प्रयोग हुँदै आएका देखिन्छन् । यसले विश्वलाई एउटा गाउँको रूपमा परिणत मात्र गरिदिएको छैन, मानवजीवनलाई सहज, सरल र समृद्ध बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । नेपालमा समेत यस्तो प्रविधिको प्रयोगमा निरन्तर वृद्धि हुँदै गइरहेकोले नवीनतम प्रविधिको विकास तथा प्रयोगबाट प्राप्त हुने अवसरबाट उचित लाभ उठाउन यस क्षेत्रको आवश्यक प्रवर्द्धन तथा नियमन जरुरी छ । आम नेपाली नागरिकलाई विद्युतीय माध्यमबाट सरल, सहज, सुलभ तथा प्रभावकारी सेवा उपलब्ध गराइ सरकारी निकायमा देखिएको लाइनलाई अनलाइनमा परिणत गर्न, सेवाप्रवाह गर्न लाग्दै आएको खर्चमा कमी ल्याउन एवं राजस्वको दायरा वृद्धिसमेतमा टेवा पुऱ्याउन सूचना प्रविधि क्षेत्रको आवश्यक सुदृढीकरण ढिला हुन थालेको देखिन्छ । कुनै समय विलासी लाग्ने यो विषय आजको दिनसम्म आइपुग्दा आधारभूत आवश्यकता बनेको छ । त्यसैले सूचना प्रविधिको उपयोगलाई बढी विश्वसनीय, सुरक्षित र पहुँचयोग्य बनाएर आम नागरिकलाई विद्युतीय माध्यमबाट सरल, सहज, सुलभ तथा विश्वसनीय सेवा उपलब्ध गराउनु आजको आवश्यकता हो ।

हुनत मुलुकको आर्थिक विकास र समृद्धिका लागि विशेषगरी कृषि, ऊर्जा, उद्योग-व्यवसाय, पर्यटन र भौतिक पूर्वाधार निर्माणलगायत क्षेत्रको विकास गर्नुपर्छ भन्ने आम बुझाइ हो । तर सूचना प्रविधि क्षेत्रको विकासबाट मुलुकले आर्थिक समृद्धिको आधार निर्माण गर्न सक्छ भन्ने विषयमा त्यति बहस हुन सकेको छैन । नेपालमा सूचना प्रविधि उद्योगको सम्भावना र यसले मुलुकको आर्थिक विकास र समृद्धिमा गर्न सक्ने योगदानबारे त्यति चर्चा-परिचर्चा हुने गरेको पाइँदैन । विश्वका सबैभन्दा ठूलो सूचना प्रविधि सेवा निर्यात गर्ने मुलुक भारत रहेको बुझिन्छ । भारतमा कुल गार्हस्थ्य उत्पादनको करीब आठ प्रतिशत यो उद्योगमा निर्भर छन् भने करीब २४३ बिलियन अमेरिकी डलरको राजस्व सिर्जना गर्ने लक्ष्य भारतको छ । ती राजस्वमध्ये १९४ बिलियन अमेरिकी डलरको राजस्व सफ्टवेयर सेवा निर्यात गरेर र बाँकी ५० बिलियन डलर आफ्नै घरेलु बजारबाट आम्दानी गर्ने योजना भारतको छ । भारतको कर्नाटक राज्यको बङ्गलोरलाई अहिले दक्षिण एशियाको सिलिकन भ्याली भनेर चिनिन्छ । यसरी सूचना प्रविधि क्षेत्रमा भारतले हासिल गरेको उपलब्धि रातारात आएको भने पक्कै होइन, यसका लागि भारतले केही महत्त्वपूर्ण काम गरेको छ । फलस्वरूप भारत विश्वमैं सबैभन्दा धेरै सूचना प्रविधि सेवा निर्यात गर्ने देश बन्न पुगेको छ ।

सन् २००० मा भारतले सूचना प्रविधिलाई विशेष आर्थिक क्षेत्र घोषणा गऱ्यो । जसले भारतमा सूचना प्रविधि उद्योग खोल्न अनुकूल नियामक ढाँचा, पूर्वाधार निर्माणमा काम गर्न तथा करको दायरा फरक हिसाबले कायम गर्नेगरी सहजीकरण गऱ्यो ।

इन्स्टिच्युट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिज (आइआइडिएस)को एक प्रतिवेदनले नेपालमैं बसेर विदेशीलाई सूचना प्रविधि सेवा निर्यात गरिरहेका करीब साढे ६६ हजार सूचना प्रविधि जनशक्तिमार्फत वार्षिक ६७ अर्ब रुपियाँभन्दा बढी आम्दानी गरिरहेको छ । नेपालमा सूचना प्रविधि क्षेत्रले वार्षिक ६७ अर्ब ४६ करोड ५० लाख रुपियाँ (५१५ मिलियन डलर) आम्दानी गरिरहेको सो प्रतिवेदनमा उल्लेख छ । सूचना प्रविधि सेवा निर्यातबाट मुलुकको कुल गार्हस्थ्य उत्पादनमा १.४ र वैदेशिक लगानी सञ्चितिमा ५.५ प्रतिशत योगदान रहेको सो प्रतिवेदनले जनाएको छ । सूचना प्रविधि सेवा निर्यातबाट भएको आम्दानी अघिल्लो वर्षको तुलनामा सन् २०२२ मा ६४.२ प्रतिशतले वृद्धि भएको तथ्याङ्क सो प्रतिवेदनले देखाएको छ । यो नेपालको सूचना प्रविधि क्षेत्रमा भएको निकै महत्त्वपूर्ण प्रगतिको सूचक हो भने मुलुकको अर्थतन्त्रको महत्त्वपूर्ण आधारस्तम्भ पनि हो । नेपालबाट सूचना प्रविधिको सेवा निर्यात गर्ने जनशक्तिमध्ये ८३.५ प्रतिशत २० देखि २९ वर्ष उमेर समूहका युवा सक्रिय छन् । वास्तवमा राज्यको विशेष पहलविना नै निजी क्षेत्रले खासगरी युवावर्गले यो स्तरको आर्थिक अवसर सिर्जना गर्नु निकै प्रशंसनीय विषय हो । यसलाई थप मिहिनेत गरेर सरकारले नीतिगत मात्र नभई, पूर्वाधारमा लगानी गर्ने वातावरण बनाउन सक्नुपर्छ ।

अहिले करीब ८०० मिलियन डलरको सूचना प्रविधि (आइटी) र आइटी इनेबल बिजनेसको उद्योग छ । यस उद्योगमा लगानी बढाउन र यसका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने तयारीमा अहिलेदेखि नै लाग्नुपर्छ । यसका लागि ती उद्योगलाई प्रभाव पार्न सक्ने न्यूनतम नीतिगत सहजता, स्थिरता र लगानीको वातावरण बनाउन राज्य गम्भीर हुनैपर्छ । चालू आर्थिक वर्षको फागुनसम्म सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योगको सङ्ख्या १२० वटा रहेका छन् । यो क्षेत्रमा कुल लगानी नौ अर्ब ५५ करोड रुपियाँ रहेको आर्थिक सर्वेक्षण २०८०/८१ मा उल्लेख छ । यो क्षेत्रमा प्रस्तावित रोजगार सङ्ख्या आठ हजार १२१ छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको तथ्याङ्क अनुसार सूचना प्रविधिमा आधारित उद्योगमा चालू आवको फागुनसम्मको चालू पूँजी एक अर्ब ९७ लाख रुपियाँ र स्थिर पूँजी सात अर्ब ५८ लाख रुपियाँ छ । शुरूदेखि २०८० सालको फागुनसम्म सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित १४४ वटा उद्योगमा कुल १३ अर्ब चार करोड रुपियाँ वैदेशिक लगानी स्वीकृत भएको छ । गत आवको फागुनसम्म सूचना प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योगको सङ्ख्या ९९ थियो । यस क्षेत्रमा प्रस्तावित रोजगार ६,१३४ थियो । त्यस्तै, गत आवकै फागुनसम्म सूचना प्रसारण तथा सञ्चार प्रविधिमा आधारित १२७ वटा उद्योगमा कुल १२ अर्ब ४२ करोड रुपियाँ वैदेशिक लगानी स्वीकृत भएको थियो । आर्थिक वर्ष २०८१/८२ को बजेटमा सरकारले अर्थतन्त्रका रूपान्तरणकारी क्षेत्रहरूको सूचीमा सूचना प्रविधिलाई पनि विशेष उल्लेख गरिएको छ । कृषि, ऊर्जा, पर्यटन, उद्यमशीलता र औद्योगिक विकाससँगै सूचना प्रविधि क्षेत्रको प्रवर्द्धनले पनि आर्थिक रूपान्तरण ल्याउन सघाउने अपेक्षा गरिएको छ । आर्थिक सुधारका पाँच रणनीतिमा डिजिटल अर्थतन्त्रको विस्तार महत्त्वपूर्ण मानिएको छ । यसका लागि नयाँ चरणको आर्थिक सुधारको कार्यक्रम अघि बढाइने बजेट वक्तव्यमा उल्लेख छ । साथै, डिजिटल अर्थतन्त्र विस्तारका लागि वित्तीय सुधार अन्तर्गत डिजिटल भुक्तानीको प्रवर्द्धनसँगै केन्द्रीय बैंक डिजिटल करेन्सी (सिबिडिसी)को तयारीजस्ता नवीनतम वित्तीय उपकरण उपयोग गरिनेछ । साथै, सार्वजनिक प्रशासनको सुधार गर्दा सेवाप्रवाहमा सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ । सरकारले आगामी १० वर्षमा ३० खर्बको सूचना प्रविधि निर्यात गर्ने लक्ष्य तय गरेको छ । आगामी आर्थिक वर्षको बजेटमार्फत सरकारले पाँच लाख प्रत्यक्ष र १० लाख अप्रत्यक्ष रोजगार सृजना गर्ने लक्ष्यसहित ३० खर्बको प्रविधि निर्यात गर्ने लक्ष्य तय गरेको हो । सरकारले बजेट वक्तव्यमा आगामी दशकलाई 'सूचना प्रविधिको दशक' प्रस्थान वर्षका रूपमा अघि बढाउने उल्लेख गरेको छ ।

सूचना प्रविधिलाई अर्थतन्त्रको मेरुदण्डका रूपमा अघि बढाउने, डाटा सेन्टर स्थापना, बौद्धिक सम्पत्ति सुरक्षालगायत योजना सरकारले बनाएको छ । यी आयोजनाका लागि सरकारले ५९ करोड रुपियाँ विनियोजन गरेको छ । काठमाडौं उपत्यका र बुटवलमा उपलब्ध सरकारी र निजी भवनसमेत प्रयोग गरेर सूचना प्रविधि पार्क स्थापना गर्ने योजना सरकारको छ । यस्ता पार्कमा तीन वर्षका लागि वर्क हब बनाउने योजना सरकारको छ । त्यस्तै, ललितपुरको खुमलटारमा ज्ञान पार्क स्थापना गर्न १७ करोड रुपियाँ विनियोजन भएको छ ।

अहिलेको अवस्था हेर्दा यो उद्योग, मुलुकले नाफा आर्जन गर्न सक्ने तथा विदेशमा सेवा बेचेर व्यापार घाटा कम गर्न सक्ने सम्भावना भएको सबैभन्दा ठूलो क्षेत्र हो । यसका लागि सरकारले यो क्षेत्रलाई विशेष आर्थिक क्षेत्र घोषणा गरेर केही नीतिगत व्यवस्था गर्नुपर्छ । सूचना प्रविधि उद्योगको विकास र विस्तारका लागि लगानीमैत्री वातावरण बनाउनुका साथै यस उद्योगमा वैदेशिक लगानी र ज्ञान भित्र्याउने पहल हुनुपर्छ । यसका साथै सूचना प्रविधि, उद्योगमैत्री पूर्वाधार निर्माण तथा आवश्यक जनशक्ति उत्पादनका लागि विद्यालय शिक्षादेखि नै यससम्बन्धी पाठ्यक्रम लागू गर्नुपर्छ । हरेक प्रदेशमा केही विशेष विद्यालय छनोट गरेर यससम्बन्धी विशेष कोर्स, कम्तीमा कक्षा ८ देखि नै लागू गर्नुपर्छ ।

अहिले आइटी क्षेत्रमा धेरै कलेज आइरहेका छन् तर समय अनुसार पाठ्यक्रम अपग्रेड हुन सकेको छैन । फलस्वरूप आइटी उद्योग र कलेजबीच जोडिने इकोसिस्टम निर्माण हुन सकेको छैन । काठमाडौं महानगरपालिकाले अहिले त्यसको सुरुआत गरेको छ । यस्ता पहलकदमीलाई राज्यले नीति तहमैं लगेर कार्यान्वयन गराउन सक्नुपर्छ । सूचना प्रविधि क्षेत्रका विद्यमान जनशक्तिलाई अन्तर्राष्ट्रियस्तरको सीप हासिल गर्न मदत पुग्ने पहल राज्यस्तरबाट हुनुपर्छ । यसका साथै काठमाडौं उपत्यकाबाहिरका केही शहरलाई आइटी हबका रूपमा विकास गर्दै लग्नुपर्छ । उदाहरणका लागि वीरगंज, विराटनगर वा जनकपुरमध्ये कुनै एउटा शहरलाई आइटी हबको रूपमा विकास गर्नुपर्छ । यसका लागि ती शहरमा आइटीमैत्री पूर्वाधार, आवश्यक कलेज र जनशक्ति उत्पादन गर्न सक्ने संस्थाहरू तथा आइटी कम्पनी स्थापनाका लागि करमा केही छुट र प्रोत्साहनका प्याकेज ल्याएर काम गर्न सक्नुपर्छ । यसैगरी, सूचना प्रविधि उद्योग विकासका लागि राज्यले संस्थागत ज्ञान साझेदारी कार्यक्रम ल्याउनुपर्छ, यस अन्तर्गत सरकारको समन्वयमा भारतका केही शहरमा अध्ययनरत नेपाली विद्यार्थीलाई केही समयका लागि भएपनि त्यहाँस्थित सूचना प्रविधि क्षेत्रका ठूल्ठूला कम्पनीहरूमा इन्टर्नकै रूपमा काम गर्ने अवसरको खोजी गर्नुपर्छ ।

वास्तवमा सूचना प्रविधि राष्ट्रको सामाजिक रूपान्तरण र आर्थिक विकासको प्रमुख संवाहक शक्ति हो । कुनै पनि राष्ट्रको समृद्धि उक्त देशले अँगालेको सूचना र विज्ञान प्रविधिसम्बन्धी नीति, सोको समग्रतामा कार्यान्वयन र त्यसका लागि गरिएको प्रतिबद्धता र सोबाट प्राप्त सामाजिक एवं आर्थिक प्रतिफलको आधारमा मापन गरिन्छ । यो विकसित मुलुकहरूको अनुभवले देखाएको तथ्य पनि हो । साथै वैदेशिक रोजगारमा देखिएको आकर्षणलाई विकर्षणमा बदल्न 'सूचना प्रविधि उद्योग' स्थापनाको नीति अभियानकै रूपमा अगाडि बढाएर युवाका लागि गाउँमैं बस्ने र गरीखाने वातावरण सिर्जना गर्नु सरकारको दायित्व हुनुपर्छ । उच्च आर्थिक वृद्धिदर हासिल गर्न तथा सबल र स्वाधीन अर्थतन्त्र निर्माणका लागि स्वदेशमैं उद्योग स्थापना गर्न सक्नुपर्छ । मुलुकको सूचना प्रविधि क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने दायित्व सरकारको हो । विकास, समृद्धि, सुशासन, सामाजिक मर्यादा कायम राख्न राजनीतिक नेतृत्वमा ऊर्जा, निष्ठा, दृष्टि, बौद्धिकता, रचनात्मकता, क्रियाशीलता र मौलिकता हुनु अपरिहार्य छ । यस्ता उद्योगको विकास र विस्तारले रोजगार बढाउँछ र गाउँ-शहर समृद्ध बनाउन सहयोग पुऱ्याउँछ । यसका साथै औद्योगिक प्रवर्द्धन तथा उद्यमशीलताको माध्यमबाट रोजगार सिर्जना गरी समतामूलक एवं दिगो आर्थिक विकास हासिल गर्ने सरकारको प्रमुख कार्यभार हुनुपर्छ ।

यसका लागि सरकारले विशेषगरी चारवटा काम गर्नु आवश्यक छ– (१) औद्योगिक नीतिले सूचना प्रविधिसँग सम्बन्धित क्षेत्रमा ध्यान केन्द्रित गर्नुपर्छ, (२) व्यापार सिन्डीकेट भत्काउनुपर्छ, (३) उद्योग स्थापनाका लागि विदेशी लगानी प्रोत्साहित गर्नुपर्छ र (४) उद्योगको विकासमा निजी क्षेत्रको भूमिकाबारे मानसिकता बदल्नुपर्छ । यसको सुरुआत राजनीतिकर्मीहरूबाटै हुनुपर्छ ।



**घिरौला खेती:** दाङको घोराही उपमहानगरपालिका-६ का किसानले व्यावसायिकरूपमा गरेको घिरौलाखेती ।
तस्बिर: रञ्जीता अधिकारी/रासस

# घोडाघोडीमा भेटियो नयाँ प्रजातिको चरा

घोडाघोडी (कैलाली), १७ जेठ/रासस

विश्व रामसार सूचीमा सूचीकृत कैलालीको घोडाघोडीमा नयाँ प्रजातिको चरा भेटिएको छ । घोडाघोडी चरा अभय आरक्ष क्षेत्रमा यही जेठ ७ देखि १३ गतेसम्म चरा गणना तथा अनुसन्धान गरिएको थियो । सोही क्रममा पहिलोपटक लालचुच्चे ठेउवा भेटिएको छ ।

घोडाघोडीको बेतहनी क्षेत्रमा एक जोडी लालचुच्चे ठेउवा भेटिएको पक्षी संरक्षण सङ्घका सहजकर्ता हिरुलाल डगौराले जानकारी दिए । उनका अनुसार यो प्रजातिको चरा भारत र बङ्गलादेशबाट गर्मीयाममा नेपाल आउने गर्छ । यो नयाँ प्रजाति थपिएसँगै घोडाघोडी आरक्षमा चराको सङ्ख्या ३८१ पुगेको छ । गर्मीयाममा बसाइँ सर्ने चराको प्रजाति, सङ्ख्या र अवस्था पत्ता लगाउने उद्देश्यका साथ डिभिजन वन कार्यालयको आयोजना र नेपाल पक्षी



संरक्षण सङ्घको समन्वयमा चरा गणना गरिएको हो ।

# तापक्रममा 'रेकर्ड ब्रेक' : वर्षकै सबैभन्दा बढी नेपालगंजमा ४४.२ डिग्री

काठमाडौं, १७ जेठ/रासस

नेपालगंजमा बिहीवार अधिकतम तापक्रम ४४ दशमलव दुई डिग्री मापन गरिएको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका मौसमविद् गोविन्द झाले साँझ ६ बजे प्राप्त अभिलेखमा नेपालगंजको 'रेकर्ड' यो वर्षकै सबैभन्दा बढी भएको बताए । उनका अनुसार आज दिउँसो धनगढीमा ४४ दशमलव १ डिग्री तापक्रम रेकर्ड भएको थियो । त्यसलाई उछिनेर नेपालगंजले 'रेकर्ड ब्रेक' गरेको हो । यसअघि अघिल्लो महीनामा भैरहवामा ४३ दशमलव छ डिग्री रेकर्ड भएको थियो । आज विराटनगरमा ४१ डिग्री, दाङको घोराहीमा ४० दशमलव दुई डिग्री तापक्रम अभिलेख भएको छ ।

काठमाडौं र पोखरामा समेत तापक्रम बढिरहेको छ । आज पोखरामा ३४ र काठमाडौंमा ३४ दशमलव ४ डिग्री तापक्रम मापन गरिएको छ । अहिले नेपालमा स्थानीय वायु, पश्चिमी वायुको आंशिक प्रभावसँगै भारतको विहार आसपास रहेको न्यून चापीय प्रणालीको आंशिक प्रभाव रहेको जनाइएको छ । हाल कोशी र सुदूरपश्चिम प्रदेशलगायत पहाडी भूभागमा आंशिक देखि साधारणतया बदली रहे पनि बाँकी भूभागमा मौसम मुख्यतया सफा छ ।

आगामी २४ घण्टामा कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका थोरै स्थानमा तथा लुम्बिनी प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा मेघगर्जन, चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जनाइएको छ । कोशी, बागमती र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका एक/दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. (श्रीमती) निकु मण्डल, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## अफगानिस्तानमा महिलाको अवस्थाबारे चिन्ता व्यक्त

अफगानिस्तान, १७ जेठ/एएनआई

अफगानी महिलाहरू आफ्नो आधारभूत अधिकारबाट वञ्चित रहँदा संयुक्त राष्ट्रसङ्घका अधिकारीहरूले अफगानिस्तानमा तालिबान शासनले निम्त्याएको महिलाहरूको अवस्थाबारे चिन्ता व्यक्त गरेका छन्।



बालिकाहरूका लागि हाईस्कूल खोलिनुपर्छ भनेर काबुलस्थित शिक्षा मन्त्रालयसमक्ष विरोध प्रदर्शन गर्दै अफगानी महिला तथा बालिकाहरू। फोटो : एजेन्सी

न्यूयोर्कमा भएको 'महिला, युवाबाट शान्ति निर्माण प्रयासमा बढी सहभागिता' शीर्षकको बैठकमा संयुक्त राष्ट्रसङ्घले अफगानी महिला, विशेषगरी किशोरीहरूको शिक्षाको अधिकार हनन भएकोमा चिन्ता व्यक्त गरेको छ।

संयुक्त राष्ट्रसङ्घको राजनीतिक तथा शान्ति निर्माण मामिलाकी उपमहासचिव रोजमेरी डिकार्लोले अफगानिस्तानमा महिलाको अस्तित्व हराएको बताएकी छन्। "सरकारको सरल पहलमा महिलाहरूको पूर्ण योगदानलाई अस्वीकार गर्ने अवरोधहरू पार गर्न सकिन्छ"–डिकार्लोले बैठकमा भनिन्।

लैङ्गिक समानता र महिला सशक्तीकरणका लागि संयुक्त राष्ट्र निकाय (युएन–महिला)की कार्यकारी निर्देशक सीमा बाहुसले तथ्याङ्कमा जोड दिँदै भनिन्–"अफगानिस्तानमा सन् २०२१ को प्रतिबन्धपछि ११ लाख किशोरी विद्यालय शिक्षाबाट वञ्चित छन्।"

अढाई वर्षभन्दा बढी समय बितिसक्दा पनि तालिबान सरकारले केटीहरूका लागि विद्यालय पुनः खोल्ने सम्बन्धमा कुनै नयाँ सूचना दिएको छैन। तालिबानले अफगानिस्तानमा आफ्नो नियन्त्रण बलियो बनाउँदै जाँदा देशमा मानवीय सङ्कट झन् झाँगिदै गएको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिवका प्रवक्ता स्टेफन डुजारिकले अफगानिस्तानमा 'महिला र केटीहरूको अधिकार सुनिश्चित गर्ने' आवश्यकतामा जोड दिए र यसका लागि अफगानी अधिकारीहरूसँग समन्वय गर्न आवश्यक रहेको बताए।

यद्यपि अन्तर्राष्ट्रिय आक्रोशका बावजूद तालिबानले देशमा किशोरीहरूका लागि विद्यालय कहिले खोल्ने कुनै ठोस निर्णय गरेको छैन।

अफगानिस्तानमा महिलाहरूको अधिकार इस्लामिक कानूनको ढाँचाभित्र सुनिश्चित गरिएको कुरा तालिबानले बारम्बार दोहोऱ्याएको छ।

अफगानी सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदले भने–"अफगानिस्तानमा इस्लामिक कानूनद्वारा समर्थित पुरुष र महिलाहरूको अधिकार प्रदान गर्न तालिबान सरकार प्रतिबद्ध छ। इस्लामिक इमिरेट्सले देशका सबै नागरिकको अधिकार सम्बोधन गर्न प्रयास गर्छ।"

यसैबीच, संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद्मा अफगानिस्तानका प्रतिनिधिले लैङ्गिक समानता हासिल गर्न राष्ट्रको प्रयासमाथि प्रकाश पार्दै महिला र किशोरीहरूको अधिकारमा प्रतिबन्धित सीमाहरू हटाउन माग गरे।

तालिबानको कब्जापछि अफगानिस्तानमा गरीबी र असमानताको चक्र कायम राख्दै शिक्षाबाट वञ्चित किशोरी पुस्ताको सङ्ख्या बढिरहेको छ।

मानवीय संस्थाहरूले विभिन्न चुनौतीबीच सहायता प्रदान गर्ने प्रयास गरिरहेका छन्। रासस

## गाजा युद्ध थप सात महीना जारी रहने इजरायलको चेतावनी

इजरायल, १७ जेठ/एएनआई

रफाहमा हमासविरुद्धको सैन्य कारबाई अन्त्य हुने आशामा शङ्का व्यक्त गर्दै एक इजरायली अधिकारीले बुधवार यस वर्षको अन्त्यसम्म गाजामा युद्ध जारी रहन सक्ने बताएका छन्।

इजरायलका राष्ट्रिय सुरक्षा सल्लाहकार जाची हानेग्बीले सन् २०२४ लाई इजरायलको युद्ध मन्त्रिमण्डलले 'लडाइँको वर्ष' घोषणा गरेको सङ्केत गरेका छन्।

"हामी अहिले सन् २०२४ को पाँचौं महीनामा छौं। हमास र इस्लामिक जिहादको सैन्य र सरकारी क्षमताहरू नष्ट गर्ने हाम्रो लक्ष्य हासिल गर्न हामी थप सात महीनाको लडाइँको अपेक्षा गर्छौं," हानेग्बीले बताए।

हमासविरुद्धको कारबाई शुरू भएपछिको पहिलोपटक मध्य रफाहमा देखिएका इजरायली ट्याङ्कहरू बुधवार दक्षिणी गाजा शहरतर्फ अगाडि बढेपछि यी टिप्पणीहरू आएका हुन्।

आक्रमण रोक्न विश्वव्यापी दबाब बढ्दै जाँदा पनि इजरायलले आफ्नो सैन्य आक्रमण जारी राखेको सिएनएनले जनाएको छ।

इजरायली सरकारले हमासविरुद्धको युद्धको अन्तिम चरण रफाहमा प्रवेश हुने बताएको थियो। हमाससँग बन्धकहरूका फिर्तीबारे सम्झौतामा विचार भएपनि इजरायली युद्ध मन्त्रिमण्डलको अधिक कट्टर समूहले गाजामा रहेका बन्धकहरूको फिर्तीपश्चात् लडाकू समूहको विनाशलाई प्राथमिकता दिँदै रफाह आक्रमण बढाउनुपर्नेमा जोड दिएको छ। रासस

## इजरायली सेनाद्वारा गाजाबाट इजिप्ट जाने सीमा नियन्त्रण

इजरायल, १७ जेठ/एएनआई

इजरायली सुरक्षा बलले गाजा हुँदै इजिप्टतर्फ जाने सीमा क्षेत्र आफ्नो नियन्त्रणमा लिएको छ।

सम्पूर्ण गाजा क्षेत्र आफ्नो सुरक्षा नियन्त्रणमा रहेको र हालसम्म इजिप्टको सिनाई जाने २० वटा सुरुङ फेला परेको जनाएको छ।

सीमाछेउमा रहेको इजरायलले गाजापट्टीबाट अलग भएपछि सन् २००६ मा हतियार तस्करी रोक्नका लागि सिर्जना गरिएको मध्यवर्ती क्षेत्रको १४ किलोमिटर जमीन 'फिलाडेल्फी करिडर' भनेर चिनिन्छ। यो क्षेत्रलाई सन् २००७ मा हमासले प्यालेस्टिनी प्राधिकरणबाट कब्जामा लिएको थियो।

भूमध्यसागरीय तटनजीकैको एक भागबाहेक अधिकांश करिडरमा सैनिकहरू भौतिकरूपमा उपस्थित रहेको सेनाले जनाएको छ। सो भाग निगरानी र फायर पावरद्वारा नियन्त्रित छ।

सेनाले सीमापारमा केही सुरुङ रहेको जानकारी पाएको जनाउँदै करिडर क्षेत्रका ८२ वटा अन्य मार्ग पनि नष्ट हुने जनाएको छ।

आइडिएफले राजनीतिकरूपमा संवेदनशील क्षेत्रमा हमासले राखेका दर्जनौं रकेट लन्चरहरू फेला पारेको छ। सन् १९७८ मा हस्ताक्षर गरिएको क्याम्प डेभिड सम्झौताका शर्त अन्तर्गत सीमा प्राविधिकरूपमा सैनिकरहित क्षेत्र हो।

इजरायलले मे ७ मा इजिप्टसँग रफाह सीमाको प्यालेस्टिनी क्षेत्र र अधिकांश सिमानाको नियन्त्रण लिएको थियो। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – मनोरञ्जन | वृष – कर्मप्राप्ति |
| मिथुन – अलमल | कर्कट – रोगभय |
| सिंह – व्यापारवृद्धि | कन्या – शत्रुभय |
| तुला – कार्यनाश | वृश्चिक – उदरपीडा |
| धनु – मित्रमिलन | मकर – धनक्षति |
| कुम्भ – सुयश | मीन – खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**राष्ट्रिय परिचयपत्र बनाउन लामबद्ध सेवाग्राही:** राष्ट्रिय परिचयपत्र बनाउनका लागि जिल्ला प्रशासन कार्यालय, महोत्तरीबाहिर बिहान ४ बजेदेखि नै लामबद्ध सेवाग्राहीहरू। तस्बिर: सञ्जीतकुमार मण्डल/रासस


## पोखरिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
मधेस प्रदेश, नेपाल

## सार्वजनिक पोखरीको ठेक्कासम्बन्धी बोलपत्र आह्वानको सूचना

तेस्रोपटक सूचना प्रकाशित मिति २०८१/०२/१८

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा यस पोखरिया नगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १० (क) बमोजिम यस नगरपालिकाको स्वामित्वमा रहेका देहायबमोजिमका सार्वजनिक पोखरीहरूको आव २०८०/८१ को बाँकी अवधिदेखि आव २०८५/८६ असारसम्म पाँच वर्षको लागि ठेक्का बन्दोबस्त सिलबन्दी बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले पोखरिया नगरपालिको नगर कार्यपालिकाको मिति २०८०।०६।०४ गते बसेको बैठकको निर्णय नं १ अनुसार यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू:**

१. यो सूचना तेस्रोपटक प्रकाशित भएको मितिले ७औं दिनभित्र यस कार्यालयबाट तपसिलमा उल्लेख गरे अनुसार रु १०००।– रकम नगदै तिरी पछि फिर्ता नहुने गरी पान नं प्राप्त इच्छुक व्यक्ति, फर्महरूले यस कार्यालयबाट बोलपत्र फाराम खरीद गर्न सकिनेछ।
२. ठेक्काको लागि बोलपत्र ८औं दिन दिनको १:०० बजेसम्म नेपाली नागरिकताको प्रतिलिपि तथा आफूले कबोल गरेको अङ्कको पाँच प्रतिशत धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक, पोखरिया शाखामा रहेको धरौटी खाता नं ००७२०११८९८५७०३६ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा ९० दिन म्याद रहेको बैंक ग्यारेन्टी संलग्न राखी सिलबन्दी बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराउनुपर्नेछ।
३. यसरी दर्ता भएका सिलबन्दी बोलपत्र सोही दिन ८औं दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन। बोलपत्र पोखरिया नगरपालिकाको कार्यालय पर्सामा खोलिनेछ। सो दिन सार्वजनिक बिदा पर्न गएमा क्रमशः त्यसको भोलिपल्ट दर्ता तथा बोलपत्र खोलिनेछ। कार्यालय प्रमुख वा अख्तियारप्राप्त अधिकृतबाट प्रमाणित दरभाउपत्रलाई मात्र मान्यता दिइनेछ।
४. ठेक्का रकममा कुनै किसिमको परिस्थिति देखाइ मिनहा वा क्षतिपूर्तिसम्बन्धी कुनै शर्त स्वीकार्य हुनेछैन।
५. कबोल अङ्कको १३ प्रतिशत मूअकर र १.५ प्रतिशत अग्रिम आयकरसमेत यस कार्यालयमा बुझाउनुपर्नेछ।
६. कारण जनाइ वा नजनाइ ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। र रीत नपुगी आएको बोलपत्र उपर कुनै कारबाई हुनेछैन।
७. आफूले कबोल गरेको ठेक्का रकम एकमुस्ट बुझाएमा नियमानुसार छुट दिइनेछ।
८ अन्य विस्तृत शर्तहरूको हकमा यस कार्यालयमा बुझ्न सकिनेछ।
९. ठेक्का रकम ठेकेदारले पहिलो किस्ता आफूले कबुल गरेको ठेक्का रकमको ३० प्रतिशतले हुन आउने रकम चलनपुर्जी लिने दिनमा नगदै यस कार्यालयको आन्तरिक स्रोत खातामा जम्मा गर्नुपर्नेछ। दोस्रो किस्ताबापत २० प्रतिशत रकम २०८२ कात्तिक मसान्तभित्र बुझाउनुपर्नेछ। तेस्रो किस्ता २०८३ कात्तिक मसान्तसम्म २० प्रतिशत रकम बुझाउनुपर्नेछ। चौथो किस्ता २० प्रतिशत रकम २०८४ कात्तिक मसान्तभित्र बझाउनुपर्नेछ र बाँकी १० प्रतिशत रकम २०८५ कात्तिक मसान्तभित्र बुझाउनुपर्नेछ। ठेकेदारले पहिलो किस्ताबापतको कबोल अङ्कको ३० प्रतिशत रकम दाखिला गरी बाँकी ७० प्रतिशत रकम २०८६ असार मसान्तसम्म म्याद भएको नेपाल अधिराज्यको कुनै पनि मान्यताप्राप्त बैंकबाट यस कार्यालयको नाममा मसान्तसम्म जारी गरिएको परफरमेन्स बन्ड (बैंक ग्यारेन्टी) पेश गरी सम्झौता गर्नुपर्नेछ।
१०. सम्बन्धित पोखरीको सामान्य मर्मतसम्भार ठेकेदार आफैंले गर्नुपर्नेछ।

**तपसील**

| ठेक्का नं | पोखरी रहेको स्थान | क्षेत्रफल (वर्गमिटर) | न्यूनतम कबोल अङ्क | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १/२०८०/८१ | साबिक गाविस वनकटवा वडा नं २ हाल २१६२४ पोखरिया नपा वडा नं १ ब्रह्मस्थाननिरको पोखरी | २१६२४ | ५,५०,०००/– | १०००/– |
| २/२०८०/८१ | साबिक गाविस वनकटवा हाल पोखरिया नपा वडा नं १ मालिकबाबूको घरनिरको सार्वजनिक पोखरी | १४३०७.०५ | ३,००,०००/– | १०००/– |
| ३/२०८०/८१ | साबिक गाविस वसन्तपुर हाल पोखरिया नपा वडा नं २ रामानन्दप्रसाद यादवको घरनिरको सार्वजनिक पोखरी | ५०६९० | ५,५०,०००/– | १०००/– |
| ४/२०८०/८१ | साबिक गाविस वसन्तपुर हाल पोखरिया नपा वडा नं ३ पोखरी | ४७२४२ | ५,५०,०००/– | १०००/– |
| ५/२०८०/८१ | साबिक गाविस श्रीसिया हाल पोखरिया नपा वडा नं ६ चमरपटी टोल पोखरी | २०५२९.०५ | २,७५,०००/– | १०००/– |
| ६/२०८०/८१ | साबिक गाविस श्रीसिया हाल पोखरिया नपा वडा नं ६ डीपरनिरको पोखरी | १११९० | १,००,०००/– | १०००/– |
| ८/२०८०/८१ | साबिक गाविस शिबर्वा हाल पोखरिया नपा वडा नं ९ पोखरिया अस्पतालनिरको पोखरी | ३३२१८ | ४,५०,०००/– | १०००/– |
| ९/२०८०/८१ | साबिक गाविस शिबर्वा हाल पोखरिया नपा वडा नं ९ सेमरवारी शिबर्वा रवीन्द्र चौहानको घरनिरको पोखरी | ११८५६ | १,००,०००/– | १०००/– |
| १०/२०८०/८१ | साबिक गाविस वसन्तपुर हाल पोखरिया नपा वडा नं ३ फूलवरिया नारा वडा नं ७ को सार्वजनिक पोखरी | | ५,५०,०००/– | १०००/– |
| ११/२०८०/८१ | साबिक गाविस गोविन्दपुर हाल पोखरिया नपा वडा नं ७ को सार्वजनिक पोखरी | १२८२२६.५ | २३,६५,०००/– | १०००/– |
| १२/२०८०/८१ | पोखरिया नपा वडा नं १० सार्वजनिक पोखरी ठूलो | | ११,००,०००/– | १०००/– |

**अजयकुमार श्रीवास्तव**
**(प्रमुख प्रशासकीय अधिकृत)**

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०८०/८१



पर्साको ग्रामीण भेगमा सञ्चालित विद्यालयमा अत्यधिक गर्मी बढेपछि पोशाक खोलेर अध्ययन गर्दै बालबालिकाहरू। तस्वीरः प्रमोद यादव/प्रतीक

# मधेस प्रदेश सरकारको बेरुजू एक अर्ब ५९ करोड




तस्वीरः सौजन्य

जनकपुर, १७ जेठ/रासस

मधेस प्रदेश महालेखापरीक्षक कार्यालयको छैटौं वार्षिक प्रतिवेदनमा मधेस प्रदेश सरकारको बेरुजू एक अर्ब ५९ करोड रहेको उल्लेख गरिएको छ।

मधेस प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयमा सबैभन्दा बढी बेरुजू देखिएको छ। महालेखापरीक्षकको कार्यालयका सहसचिव एवं मधेस प्रदेश प्रमुख श्यामप्रसाद भण्डारीले बुधवार प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई बुझाएको छैटौं वार्षिक प्रतिवेदनमा प्रदेशभित्रका तहगत १३५ सरकारी कार्यालयका लेखापरीक्षणमा रु एक अर्ब ५९ करोड १६ लाख १७ हजार बेरुजू देखिएको हो।

महालेखाको प्रतिवेदन अनुसार भौतिक पूर्वाधार मन्त्रालयमा रु १४ अर्ब ३६ करोड ७४ लाख १७ हजार बेरुजू देखिएको छ। असुल गर्नुपर्ने चार करोड ५२ लाख ९९ हजार, नियमित गर्नुपर्ने ३८ करोड ९७ लाख ६० हजार र पेश्की बाँकी रु ३९ करोड तीन लाख ८६ हजार देखिएका छन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा २४ दशमलव ०६ प्रतिशत बेरुजू छ। रु ७६ करोड ३० लाख १४ हजारको लेखापरीक्षणमा रु सात लाख ९८ हजार असुल उपर गर्नुपर्ने, रु ४४ करोड ५२ लाख ९७ हजार नियमित गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

सामाजिक विकास मन्त्रालयको सात अर्ब ५९ करोड २३ लाख १५ हजारको लेखापरीक्षणमा छ दशमलव ४९ प्रतिशत बेरुजू अर्थात् रु ९८ लाख ५९ हजार असुल उपर, रु सात करोड ९२ लाख ९० हजार नियमित गर्नुपर्ने उल्लेख गरिएको छ।

ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालयको तीन दशमलव ९३ प्रतिशत बेरुजू छ। मन्त्रालयको दुई अर्ब ९४ करोड ७३ लाख ८९ को लेखापरीक्षणमा रु १४ लाख आठ हजार असुल उपर, रु छ करोड ७८ लाख ३४ हजार नियमित गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। अन्य मन्त्रालय तथा निकायका रु २० अर्ब ९२ करोड ३६ लाख ६९ हजारको लेखापरीक्षणमा एक दशमलव ६३ प्रतिशत बेरुजू देखिएको छ।

रु एक करोड १९ लाख ५४ हजार असुल उपर, रु ३२ करोड २० लाख ९३ हजार नियमित गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। प्रदेशसभा सचिवालयमा भने बेरुजू देखिएको छैन। प्रदेश सरकारमा तहगत रहेका कार्यालयमध्ये १७ वटा कार्यालयमा बेरुजू नदेखिएको प्रतिवेदनमा जनाइएको छ।

# पोखरिया नपाद्वारा पङ्खा र फलफूल सहयोग

दिनेशकुमार मिश्र, वीरगंज, १७ जेठ/

पोखरिया नगरपालिकाले दृष्टिविहीनलाई पङ्खा र खाद्यान्न सामग्री सहयोग गरेको छ। वीरगंज महानगरपालिका–१५ नेशनल मेडिकल कलेज चोकमा दृष्टिविहीन, अपाङ्गहरूको लागि सञ्चालित तालीम कक्षमा पङ्खा नभएकोले पोखरिया नपाले पङ्खासहित उनीहरूको खाजाका लागि फलफूल सहयोग गरेको थियो।



तस्वीरः प्रतीक

नगरप्रमुख प्रद्युम्न चौहानले तालीम कक्षमा पङ्खा अभाव भएको थाहा पाएपछि सहयोग गरेको बताए। उनले दृष्टिविहीन र अपाङ्गता भएकाहरूको लागि आयोजित तालीममा अन्य पालिकाहरूलाई पनि सहयोग गर्न आह्वान गरे।

कार्यक्रममा पोखरिया नगरपालिकाका योजना प्रमुख सञ्जय पाण्डे, सन्दीप साह, सुजित गिरी, रामदेव महासेठलगायतको सहभागिता थियो।

सो तलीम कक्षमा लघु घरेलू तथा साना उद्योग प्रवर्द्धन केन्द्र, काठमाडौं तथा समृद्ध समाजका लागि युवा सशक्तीकरण वीरगंजको आयोजनामा यही जेठ ९ देखि असार ११ गतेसम्म एक महीने कम्प्युटर तालीम सञ्चालनमा छ। दृष्टिविहीन र अपाङ्गता भएका व्यक्तिहरूका लागि सञ्चालित कम्प्युटर तालीममा उपकार नेपाल, सानो पाइला, हिन्दू परिषद् नेपाल, नेपाल तरकारी तथा फलफूल चोक व्यवसायी सङ्घ, नमस्ते नेपाल इन्टरटेन्मेन्ट, राष्ट्रसेविका नेपालले पनि यसअघि सहयोग गरेका थिए। तालीममा २१ जना पुरुष र नौजना महिला सहभागी छन्।


## गर्मीयाममा लाग्न सक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुला स्थानमा असुरक्षित तरीकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घरबाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासका क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## जेठ ...

महासङ्घलगायत सरोकारवालाहरूको स्टल रहनेछ।

मेला कोशी प्रदेशको विराटनगरमा आज र भोलिसम्म चल्नेछ। मधेस प्रदेशको जनकपुरधाममा १९ र २०, गण्डकी प्रदेशको पोखरामा जेठ २१ र २२, लुम्बिनी प्रदेशको बुटवलमा २३ र २४, कर्णाली प्रदेशको सुर्खेतमा जेठ २५ र २६, सुदूरपश्चिम प्रदेशको धनगढीमा जेठ २७ र २८ गते र बाग्मती प्रदेशको ललितपुरमा जेठ २९ र ३० गते सञ्चालन हुनेछ।

# दुर्घटनामा सातजनाको मृत्यु

मनहरी (मकवानपुर), १७ जेठ/रासस

मकवानपुरको भीमफेदी–कुलेखानी–काठमाडौं सडकखण्ड अन्तर्गत भीमफेदी गाउँपालिका–६ स्थित जुरिखेतमा कार दुर्घटनामा परी मृत्यु हुनेको सङ्ख्या तीनजना पुगेको छ। दुर्घटनामा परी अन्य दुईजना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय, मकवानपुरका प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीका अनुसार मकवानपुरको मनहरी गाउँपालिका–८ स्थित बेलुवाका २५ वर्षीय अर्जुन नेपाली र उनका तीन महीने छोरी अजिता भित्रीकोटीको मृत्यु भएको हो। नेपालीलाई उपचारका लागि बुधवार राति हेटौंडा अस्पताल ल्याइएकामा चिकित्सकले मृत घोषित गरेको उनले बताए।

दुर्घटनामा परी मृत्यु भएका कारका चालक काठमाडौं चन्द्रागिरि नगरपालिका–१ दहचोक बस्ने ६१ वर्षीय सानु परियार रहेको प्रवक्ता भण्डारीले जानकारी दिए। उनका अनुसार काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको बा.६च ९३७९ नम्बरको कार बुधवार आफैं अनियन्त्रित भई दुर्घटना हुँदा एक बालिकासहित तीनजनाको मृत्यु भएको हो।

दुर्घटनामा परी घाइते भएका मनहरी गाउँपालिका–८ स्थित बेलुवाकी २३ वर्षीया सरीता परियार र चितवनको राप्ती नगरपालिका–१ स्थित लोथरकी ३५ वर्षीया सानोकान्छी तामाङको मकवानपुरस्थित सहकारी अस्पतालमा उपचार भइरहेको भण्डारीले बताए। कार सडकबाट करीब अढाई सय मिटर तल खोल्सामा खस्दा दुर्घटना भएको प्रहरीले जनाएको छ।

**जीप दुर्घटना, चारजनाको मृत्यु**

सुर्खेतबाट कालीकोटतर्फ गइरहेको जीप सुर्खेत–दैलेख सडकखण्ड अन्तर्गत वीरेन्द्रनगरको रातानाङ्लानजीक दुर्घटना हुँदा ज्यान गुमाउनेको सङ्ख्या चार पुगेको छ। बिहीवार बिहान भे.१च २५६० नम्बरको जीप दुर्घटना भएको हो।

जिल्ला ट्राफिक प्रहरी कार्यालय, सुर्खेतका अनुसार दुर्घटनाग्रस्त जीपमा छजना सवार थिए। दुर्घटनामा दुईजना घाइते भएका छन्। उनीहरूको प्रदेश अस्पतालमा उपचार भइरहेको छ।

# नेप्से परिसूचकको ओरालो यात्रा जारी

काठमाडौं, १७ जेठ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक शुक्रवार पनि ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १९ दशमलव ८९ अङ्कले ओरालो लागेर दुई हजार ६९ दशमलव ५३ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ९० अङ्कले ओरालो लागेर ३७० दशमलव १९ मा सीमित भएको छ। कुल ९८ लाख ६४ हजार ४८२ कित्ता शेयर रु चार अर्ब २१ करोड ७४ लाख ९४ हजार १९५ मूल्यमा कारोबार भएको हो।

नेप्सेका अनुसार नेपाल फाइनान्स, अप्पर लाहुरेखोला हाइड्रोपावर, भगवती हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। मनकामना इन्जिनीयरिङ नौ दशमलव ९८ र युनिलिभर नेपालका लगानीकर्ताले नौ दशमलव ५० प्रतिशतले कमाएका छन्। पोखरा फाइनान्स १०, कालिञ्चोक दर्शन सात दशमलव शून्य आठ, बाराही हाइड्रोपावर छ दशमलव ७४, नेपाल वेयरहाउस कम्पनी पाँच दशमलव ९६ र कालिका लघुवित्तका लगानीकर्ताले पाँच दशमलव ८२ प्रतिशतले गुमाएका छन्।




## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| १. | ब्रह्माकुमारी राजयोग सेवा केन्द्र | प्रशिक्षण | छपकैया | ७:३० |

## धितोपत्र ...

लाखसम्म १०० अङ्क र त्यसभन्दा माथि १२५ अङ्क तोकिएको छ। यसलाई संशोधन गरेर सबैमा १०० अङ्क राखिनुपर्छ। यसले कर्जा लिने क्षमता बढ्दा बजारमा लगानी रकम थपिने तथा बैंक तथा वित्तीय संस्थाको वित्तीय विवरणमा समेत सकारात्मक प्रभाव पर्ने हुँदा तत्काल परिमार्जन गरिनुपर्छ।

**जनचेतना अभिवृद्धि**

सिडिएससीले आफ्नो साइटमा राखेको हालको डिम्याट तथ्याङ्क हेर्दा कुल जनसङ्ख्यामा करीब २० प्रतिशत नागरिक धितोपत्र बजारमा सहभागी रहेको देखिन्छ। बाँकी जनमानसलाई धितोपत्र बजारमा जोड्न आवश्यक जनचेतनामूलक कार्यक्रम नियामक र राज्य संयन्त्रको नेतृत्वमा अन्य सरोकार निकायको समन्वयमा प्रभावकारी ढङ्गबाट हुनु आवश्यक छ। यसका लागि डिजिटल प्रविधिको प्रयोग गरी सर्वसाधारणलाई बुझाउनु र सुनाउनुपर्ने देखिन्छ। उदाहरणका लागि कम्पनीले हकप्रद निष्कासन गर्दा सम्बन्धित शेयरधनीलाई एसएमएस अनिवार्य गर्नुपर्छ। साथै, बजारमा नजोडिएका नयाँ व्यक्तिलाई बजारमा भित्र्याउँदा यसका फाइदा, सहभागी हुन पूरा गर्नुपर्ने प्रक्रिया, जोखिम र कारोबार गर्दा ध्यान दिनुपर्ने विषयलगायत अन्य पक्षबारेमा सचेत गराउँदै बजारप्रति आकर्षित र उत्प्रेरित गर्न सक्ने हो भने माग पक्ष थप सशक्त हुन सक्ने देखिन्छ। उनीहरूलाई प्राथमिक बजारमा मात्र नभई दोस्रो बजारमा समेत सक्रिय सहभागिताका लागि प्रोत्साहन गर्न सक्ने हो भने दिगो बजार विकासका लागि टेवा पुग्ने देखिन्छ।

**नीतिगत स्पष्टता र स्थायित्व**

धितोपत्र बजार विकासका लागि राज्य मातहत रहेका नियामक निकायबीच समन्वय र नीति निर्माणमा स्पष्टता हुनु आवश्यक छ। केही समयअगाडि नेराबैंले गाभ्ने/गाभिने तथा प्राप्तिमा जाने बैंक तथा वित्तीय संस्थाहरूलाई कर छुट दिने घोषणा गरेको थियो तर पछि राज्यले कर तिर्न लगायो।

यस्तै, पूँजीगत लाभकर नै अन्तिम कर हुने हो होइन, अन्योल यथावत् रहेको कारण उक्त विवाद पूर्णरूपमा समाधान हुन सकेको छैन। मार्जिन कर्जा कहिले प्राथमिक पूँजीको ४० प्रतिशत, कहिले २५ प्रतिशत, कहिले १८० दिनको अन्तिम बजार मूल्यको औसत मूल्यको ५० प्रतिशत त कहिले ७० प्रतिशतसम्म दिन सकिने गरेर गरिने फेरबदलले बजारलाई प्रभाव पार्ने हुँदा बजारलाई माग र आपूर्तिले भन्दा नीतिगत अस्थिरताले धेरै असर गरेका कारण नागरिकमा असन्तुष्टि बढाउने र लगानी गर्न डराउने अवस्था देखिने गरेको छ। यसरी नेतृत्वसँगै बदलिरहने र आफू अनुकूल अर्थ लगाउने किसिमका नीति नभई स्पष्ट र स्थिर प्रकृतिको बनाउन सक्ने हो भने लगानीकर्तामा थप सकारात्मक प्रभाव परी बजारप्रति भावना उच्च बन्न गएर माग पक्ष थप बलियो हुने देखिन्छ।

करीब २३ महीनादेखि बियरिस चरणमा घुमिरहेको बजारमा कमजोर मनोविज्ञान लिएर टिकिरहेका लगानीकर्तामा आत्मविश्वास जगाउँदै नवप्रवेशी लगानीकर्ताहरूमा आकर्षण थपेर धितोपत्र आपूर्तिलाई थेग्न जरुरी छ। यसका लागि सेबोनले तत्काल पूर्णकालीन नेतृत्व पाउनुपर्छ।

नेराबैंले लिएको नीति खुकुलो बनाउने, थप विशिष्टीकृत लगानी कोष र धितोपत्र दलाल व्यवसायीको सङ्ख्या बढाउन पहल गर्ने, सेबोन, नेप्से र सिडिएससीले दिएका सुझाव बजेटमा समेट्ने, कारोबारमा लाग्ने लागत घटाउने, नीति निर्माताले माग सिर्जना गर्न कस्ता नीतिगत व्यवस्था र विकल्प हुन सक्छन्, पहिचान गरेर आवश्यकता अनुसार कानूनी परिमार्जन, कार्ययोजना, सुधारका लागि हुन सक्ने वैकल्पिक आधारहरू पहिल्याएर त्यसैअनुरूप रणनीति र कार्यक्रम बनाइ अगाडि जान सक्ने हो भने धितोपत्र बजारमा देखिएका आपूर्ति आतङ्कलाई अवसरका रूपमा बदल्न र सुधार गर्न सकिन्छ। रासस

**–लेखक धितोपत्र बजारका जानकार हुन्।**